# मध्यमकालीन खर्च संरचना

## (आ.व.२०८०/०८१ – आ.व.२०८२/०८३)

**नाम्खा गाउँपालिका**


**हुम्ला**

**कर्णाली प्रदेश**

**नेपाल**

**असार, २०८०**


# नेपालको नक्सा


Koshi
Madhesh
Bagmati
Gandaki
Lumbini
Karnali
Sudurpaschim

# कर्णाली प्रदेशको नक्सा



# हुम्ला जिल्लाको नक्सा




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० /१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC,2016

# नाम्खा गाउँपालिकाको नक्सा



# भूमिका

हाम्रो नाम्खा गाउँपालिका नेपाल कै सबै भन्दा ठूलो क्षेत्रफल भएको पालिका हो भने यो पालिका छिमेकी मित्र राष्ट्र चीनको तिव्वतमा रहेको हिन्दूहरुको महान तीर्थस्थल कैलाश मानसरोवरको प्रवेश विन्दूका रुपमा पनि सुपरिचित रहदै आएको छ । तथापि यसको भौगोलिक महत्व र उपादयता अनुसार यहाँ विकासका अवसरहरुको भने ज्यादै न्युनता रहदै आएको छ । हालसम्म पनि राष्ट्रिय सडक सञ्जालबाट जोडिन नसकेको देशको एक मात्र हुम्ला जिल्लाको उत्तरी नाकामा पर्ने यस पालिकाका नागरिकहरुले भौगोलिक कठिनाई र विकटताको पुस्तौ पुस्ता देखि सामना गरी आएका छन् ।

देशको नयाँ संबैधानिक व्यवस्था अनुसार आएको संघीयता सँगै स्थापित तीन तहको सरकारको अवधारणा अनुसार गठित स्थानीय सरकारको भूमिकामा रहेको यो पालिका आफ्ना उपलव्धसाधन स्रोतहरुको उच्चतम उपयोग र परिचालन गर्न योजनावद्ध ढंगले पालिकाको समग्र विकास गर्ने प्रयासमा छ । हामीलाई प्राप्त जनविश्वासलाई सदैव स्मरण गर्दै स्थानीय जनताहरुको आकांक्षा एवम् आवश्यकताहरुको परिपूर्तिका लागि इमान्दारीता पूर्वक दृढताका साथ सदैब तत्पर रहनु पर्ने छ । यही पृष्ठ भूमिमा यो पालिकाको दोस्रो स्थानीय निर्वाचनबाट निर्वाचित भएको पहिलो वर्ष मै हामीले पालिकाको प्रथम पञ्चवर्षीय योजना तर्जुमा गरी सकेका छौं भने अहिले यो मध्यमकालीन खर्च संरचनाको तर्जुमा गरिएको छ ।

पालिकाको प्रथम पञ्चवर्षीय योजनाको सोच **"शिक्षित नाम्खा र स्वावलम्बी नाम्खाली"** मात्र हैन कर्णाली प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजनाको सोच **"समृद्ध कर्णाली, सुखारी कर्णालीबासी"** एवम् राष्ट्रिय पन्ध्रौ योजनाको सोच **"समृद्ध नेपाल, सुखी नेपाली"** लाई साकार पार्न र दिगो विकासका लक्ष्यहरु हासिल गर्नमा समेत पालिकाको आफ्नै विशेष जिम्मेवारी तथा दायित्वहरु रहेको कुरामा हामी सदैव जागरुक छौं । यिनै उच्चतम लक्ष्य हासिल गर्ने योजनावद्ध प्रयासका रुपमा पनि यो मध्यमकालीन खर्च संरचना रहेको छ । यसले हाम्रो तोकिएको गन्तव्यमा पुग्न हामीलाई सदैब दिशा निर्देश गरी रहनेछ भन्ने अपेक्षा राखिएको छ ।

मध्यमकालीन खर्च संरचना तर्जुमा राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ लाई प्रमुख आधारका रुपमा लिइएको छ । यसका साथै सो दिग्दर्शनमा उल्लेख भएका समितिहरुको निर्माण गरी ती समितिहरुले दिएको राय तथा सुझावका आधारमा यसको तर्जुमा भएकोछ । यसै गरी विषय विज्ञहरुको राय तथा सुझावलाई समेत समेटेर यो दस्तावेज तयार भएको छ ।

अन्तमा, यो मध्यमकालीन खर्च संरचना तयार गर्न योगदान गर्नु हुने गाउँपालिका अध्यक्षज्यू, उपाध्यक्षज्यू, विषयगत समितिका सबै संयोजकज्यूहरु एवम् सबै सदस्य र सम्पूर्ण शाखा प्रमुखका कर्मचारी साथीहरू साथै अन्य महानुभावहरु धन्यवादका पात्र हुनु हुन्छ । यसका साथै विज्ञका रुपमा विशेष योगदान दिनु हुने डा. दीपेन्द्र रोकायाज्यू तथा उहाँको टिमका सबै सदस्यहरु प्रति पनि पालिका हार्दिक आभारका साथ धन्यवाद व्यक्त गर्दछौं । अमुल्य सुझावको लागि हार्दिक अनुरोध गर्दछौं ।

# विषय सूचि


परिच्छेद १ .......... 1

परिचय .......... 1

१.१ पृष्ठभूमि .......... 1

१.२ अवधारणा तथा उद्देश्य .......... 2

१.३ मध्यमकालीन खर्च संरचनाको उपादेयता .......... 3

१.४ मध्यमकालीन खर्च संरचनाको अपेक्षित उपलब्धि .......... 3

१.५ संस्थागत व्यवस्था .......... 4

१.६ तर्जुमा प्रक्रिया .......... 4

परिच्छेद २ .......... 5

मध्यमकालीन खर्च संरचना .......... 5

२.१ पृष्ठभूमि .......... 5

२.२ सोच, उद्देश्य तथा रणनीति .......... 6

२.२.१ नाम्खाको सोच .......... 6

२.२.२ नाम्खाको लक्ष्य .......... 6

२.२.३ नाम्खाको रणनीति .......... 6

२.२.४ नाम्खा गाउँपालिकाको परिमाणात्मक लक्ष्य .......... 7

२.६ नाम्खा विकासको प्रमुख सम्वाहकहरु .......... 11

२.७ जनकेन्द्रित विकास .......... 11

२.८ जोखिम पक्ष अनुमान .......... 12

२.९ योजनाका प्राथमिकताहरु .......... 12

२.३ समष्टिगत मध्यमकालीन आर्थिक खाका .......... 13

२.४ समष्टिगत मध्यमकालीन नतिजा खाका .......... 14

२.५ समष्टिगत मध्यमकालीन बजेट खाका (रु लाखमा) .......... 15

२.६ कार्यक्रम तथा आयोजनाको सांकेतिकरण तथा बजेट विनियोजन तथा प्रक्षेपणको बाँडफाँट .......... 16

२.६.१ रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण .......... 17

२.६.२ प्राथमिकताको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण .......... 17

२.६.३ दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण .......... 17

२.६.४ लैङ्गिक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण....18
२.६.५ जल वायु सङ्केतको आधारमा मध्यमकालीन बजेट अनुमान तथा प्रक्षेपण....18
२.६.६ स्थानीय गौरवका आयोजनाको तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण ....18
२.६.७ विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण....20
परिच्छेद ३....21
भौतिक पूर्वाधार क्षेत्र....21
१. पृष्ठभूमि ....21
२. समस्या तथा चुनौति....21
३. लक्ष्य ....21
३.१ सडक तथा पुल तर्फको लक्ष्य....21
३.२ विद्युत तथा वैकल्पिक ऊर्जा तर्फको लक्ष्य....21
३.३ सूचना तथा सञ्चार प्रविधि तर्फको लक्ष्य....21
३.४ गाउँ बस्ती तथा सहरहरुको विकासतर्फको लक्ष्य ....22
४. **उद्‌देश्य** ....22
४.१ सडक तथा पुल तर्फको उद्देश्य....22
४.२ विद्युत तथा वैकल्पिक ऊर्जा तर्फको उद्देश्य....22
४.३ सूचना तथा सञ्चार प्रविधि तर्फको उद्देश्य....22
४.४ गाउँ बस्ती तथा सहरहरुको विकास तर्फको उद्देश्य....22
५. रणनीति....22
५.१ सडक तथा पुल तर्फको रणनीति ....22
५.२ विद्युत तथा वैकल्पिक ऊर्जा तर्फको रणनीति ....23
५.३ सूचना तथा सञ्चार प्रविधि तर्फको रणनीति....23
५.४ गाउँ बस्ती तथा सहरहरुको विकास तर्फको रणनीति....23
**६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य** ....24
६.१ सडक, पुल तथा यातायात....24
६.२ विद्युत तथा बैकल्पिक ऊर्जा....24
६.३ सूचना तथा सञ्चार प्रविधि....25
६.४ गाउँ, वस्ती तथा सहरहरुको विकास....26
७. भौतिक पूर्वाधार विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान....26

कार्यक्रम /आयोजनाको संक्षिप्त विवरण ....... 26

परिच्छेद ४ ....... 27

सामाजिक क्षेत्र ....... 28

१. पृष्ठभूमि ....... 28

२. समस्या तथा चुनौति ....... 28

३. लक्ष्य ....... 28

३.१ स्वास्थ्य तथा पोषण तर्फको लक्ष्य ....... 28

३.२ शिक्षा तर्फको लक्ष्य ....... 28

३.३ खानेपानी तथा सरसफाइ तर्फको लक्ष्य ....... 29

३.४ महिला, बालबालिका तथा लक्षित वर्ग तर्फको लक्ष्य ....... 29

३.५ युवा तथा खेलकुद तर्फको लक्ष्य ....... 29

४. उद्देश्य ....... 29

४.१ स्वास्थ्य तथा पोषण तर्फको उद्देश्य ....... 29

४.२ शिक्षा तर्फको उद्देश्य ....... 29

४.३ खानेपानी तथा सरसफाइ तर्फको उद्देश्य ....... 29

४.४ महिला, बालबालिका तथा लक्षित वर्ग तर्फको उद्देश्य ....... 29

४.५ युवा तथा खेलकुद तर्फको उद्देश्य ....... 29

५. रणनीति ....... 29

५.१ स्वास्थ्य तथा पोषण तर्फको रणनीति ....... 29

५.२ शिक्षा तर्फको लक्ष्य रणनीति ....... 30

५.३ खानेपानी तथा सरसफाइ तर्फको रणनीति ....... 30

५.४ महिला, बालबालिका तथा लक्षित वर्ग तर्फको रणनीति ....... 31

५.५ युवा तथा खेलकुद तर्फको रणनीति ....... 31

६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य ....... 32

६.१ स्वास्थ्यतथा पोषण ....... 32

६.२ शिक्षा ....... 33

६.३ खानेपानी तथा सरसफाइ ....... 34

६.४ महिला, बालबालिका तथा लक्षित वर्ग ....... 34

६.५ युवा तथा खेलकुद ....... 35

७. **सामाजिक विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान** रु लाखमा ...................... 35
८. कार्यक्रम /आयोजनाको संक्षिप्त विवरण ...................... 35
९. जोखिम तथा अनुमान पक्ष ...................... 36
परिच्छेद ५ ...................... 37
आर्थिक क्षेत्र ...................... 37
१. **पृष्ठभूमि** ...................... 37
२. समस्या तथा चुनौति ...................... 37
३. लक्ष्य ...................... 38
३.१ कृषि तथा पशुपन्छी तर्फको लक्ष्य ...................... 38
३.२ सिँचाइ तर्फको लक्ष्य ...................... 38
३.३ पर्यटन, सँस्कृति तथा सम्पदा तर्फको लक्ष्य ...................... 38
३.४ उद्योग, व्यवसाय, व्यापार तथा आपूर्ति तर्फको लक्ष्य ...................... 38
३.५ श्रम, रोजगारी तथा सामाजिक सुरक्षा तर्फको लक्ष्य ...................... 38
४. उद्देश्य ...................... 38
४.१ कृषि तथा पशुपन्छी तर्फको उद्देश्य ...................... 38
४.२ सिँचाइ तर्फको उद्देश्य ...................... 38
४.३ पर्यटन, सँस्कृति तथा सम्पदा तर्फको उद्देश्य ...................... 38
४.४ उद्योग, व्यवसाय, व्यापार तथा आपूर्ति तर्फको उद्देश्य ...................... 39
४.५ श्रम, रोजगारी तथा सामाजिक सुरक्षा तर्फको रणनीति ...................... 39
५. रणनीति ...................... 39
५.१ कृषि तथा पशुपन्छी तर्फको रणनीति ...................... 39
५.२ सिँचाइ तर्फको रणनीति ...................... 39
५.३ पर्यटन, सँस्कृति तथा सम्पदा तर्फको रणनीति ...................... 39
५.४ उद्योग, व्यवसाय, व्यापार तथा आपूर्ति तर्फको रणनीति ...................... 40
५.५ श्रम, रोजगारी तथा सामाजिक सुरक्षा तर्फको रणनीति ...................... 40
६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य ...................... 41
६.१ कृषि तथा पशुपन्छी ...................... 41
६.२ सिँचाइ ...................... 41
६.३ पर्यटन, सँस्कृति तथा सम्पदा ...................... 42

६.४ उद्योग, व्यवसाय, व्यापार तथा आपूर्ति ........ 42

६.५ श्रम, रोजगारी तथा सामाजिक सुरक्षा ........ 42

७. आर्थिक विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान रु लाखमा ........ 43

८. कार्यक्रम /आयोजनाको संक्षिप्त विवरण ........ 43

९. जोखिम तथा अनुमान पक्ष ........ 44

परिच्छेद ६ : ........ 45

वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र ........ 45

१. पृष्ठभूमि ........ 45

२. समस्या तथा चुनौति ........ 45

३. लक्ष्य ........ 45

३.१ वन, जडिवुटी तथा जैविक विविधता तर्फको लक्ष्य ........ 45

३.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन तर्फको लक्ष्य ........ 45

३.३ वातावरण तथा फोहरमैला व्यवस्थापन तर्फको लक्ष्य ........ 46

३.४ विपत जोखिम न्यूनिकरण तथा व्यवस्थापन तर्फको लक्ष्य ........ 46

४. उद्देश्य ........ 46

४.१ वन, जडिवुटी तथा जैविक विविधता तर्फको उद्देश्य ........ 46

४.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन तर्फको उद्देश्य ........ 46

४.३ वातावरण तथा फोहरमैला व्यवस्थापन तर्फको उद्देश्य ........ 46

४.४ विपत जोखिम न्यूनिकरण तथा व्यवस्थापन तर्फको उद्देश्य ........ 46

५. रणनीति ........ 46

५.१ वन, जडिवुटी तथा जैविक विविधता तर्फको रणनीति ........ 46

५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन तर्फको रणनीति ........ 47

५.३ वातावरण तथा फोहरमैला व्यवस्थापन तर्फको रणनीति ........ 47

५.४ विपत जोखिम न्यूनिकरण तथा व्यवस्थापन तर्फको रणनीति ........ 47

६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य ........ 48

६.१ वन, जडिविटी तथा जैविक विविधता ........ 48

६.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन ........ 48

५.३ वातावरण तथा फोहोर मैला व्यवस्थापन ........ 49

५.४ विपद्जोखिम न्युनीकरण तथा व्यवस्थापन ........ 49

७. वन, वातावरण तथा विपद् व्यवस्थापन विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान ....... 49
८. कार्यक्रम /आयोजनाको संक्षिप्त विवरण ....... 50
९. जोखिम तथा अनुमान पक्ष ....... 50
परिच्छेद ७ ....... 51
संस्थागत विकास तथा सुशासन क्षेत्र ....... 51
१. समस्या तथा चुनौति ....... 51
२. लक्ष्य ....... 51
२.१ संस्थागत विकास तथा सुशासनतर्फको लक्ष्य ....... 51
३. उद्देश्य ....... 51
३.१ संस्थागत विकास तथा सुशासन तर्फको उद्देश्य ....... 51
४. रणनीति ....... 52
४.१ संस्थागत विकास तथा सुशासन तर्फको रणनीति ....... 52
विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य ....... 52
५. संस्थागत विकास तथा सुशासन विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान
रु लाखमा ....... 53
६. कार्यक्रम /आयोजनाको संक्षिप्त विवरण ....... 53
७. जोखिम तथा अनुमान पक्ष ....... 53

# परिच्छेद १
# परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानले प्रदान गरेको अधिकारलाई समुचित उपयोग गर्दै उपलव्ध भएको आर्थिक स्रोत, साधनको प्रभावकारी रुपमा विनियोजन तथा विनियोजित रकमको नतिजामूलक ढङ्गले परिचालन गर्नु स्थानीय सरकारको पनि पहिलो जिम्मेवारीको विषय हो । यसको लागि सार्वजनिक स्रोतको विनियोजन गर्ने सम्बन्धमा स्रोतको सीमिततालाई मध्यनजर गरी पालिकाका आफ्नै विशेष आवश्यकता र प्राथमिकताहरुका आधारमा पूर्वाधार विकास, उत्पादन र सेवासँग सम्बन्धित विषयहरुलाई ध्यानमा राखि अधिकांश स्रोतहरु यस्ता आर्थिक क्षेत्र र उपक्षेत्रका शिर्षकहरुमा उपयोग हुने प्रणालीको विकास गर्नु पनि त्यतिकै आवश्यकता हुन्छ ।यसो गर्दा आफ्ना प्राथमिकता अनुसारका सम्पन्न गरिनुपर्ने कार्यक्रम तथा आयोजनाको लागि स्रोतको सुनिश्चितताको विषयले पनि त्यतिकै महत्व राख्दछ । यसको लागि योजनावद्धरुपमा अघि बढन प्रचलित कानुनले निरिष्ट गरे बमोजिमको मध्यमकालीन खर्च संरचनाको तर्जुमा तथा उपयोग गर्नु आवश्यक छ ।

यस पृष्ठभूमिमा सार्वजनिक खर्चको व्यवस्थापनलाई उत्पादनमुखी, अनुशासित र प्रभावकारी र पार्दशिक बनाउने उपयोगी माध्यमको रुपमा मध्यमकालीन खर्च संरचनालाई लिने गरिएको छ । संविधान तथा आवधिक योजनाका लक्ष्य, दिगो विकासका लक्ष्य हासिल गर्नमा समेत प्रत्यक्ष सहयोग पुऱ्याउने औजारको रुपमा पनि यसलाई लिइन्छ । यो विषय स्थानीय सरकारको पनि आवधिक योजना एवम् वार्षिक लक्ष्य तथा कार्यक्रमहरुलाई सफल बनाउने सन्दर्भमा त्यतिकै महत्वपूर्ण छ ।

मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा खर्च संरचनामा समावेश हुने योजना, कार्यक्रम तथा परियोजनाको उद्देश्य, खर्चको पुष्ट्याईं, आगामी वर्ष तथा त्यस पछिका दुई वर्षमा प्राप्त हुने अनुमानित प्रतिफल तथा उपलब्धि समेत समावेश भएको हुन्छ । साथै मध्यमकालीन खर्च संरचनाले स्थानीय सरकारले परिचालन गर्न सक्ने स्रोत साधनको वैज्ञानिक ढङ्गले अनुमान गरी स्रोत साधनलाई पालिकाको आवधिक योजनाको प्राथमिकताका क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँड गरी स्रोत साधनको सदुपयोगको प्रभावकारिता बढाउनमा मद्दत गर्दछ ।

मध्यमकालीन खर्च संरचनाको आधारमा बजेट तर्जुमा हुँदा विशेष गरी तीन किसिमका स्रोतको प्रयोग हुन्छ ।संघीय सरकारबाट तथा प्रदेश सरकारबाट प्राप्त हुने स्रोतका साथै पालिकाको आफ्नै आन्तरिक स्रोत समेत आकलन गरी विगत वर्षहरुमा भएको विनियोजन र आर्थिक एवम् भौतिक प्रगति समेतलाई दृष्टिगत गरी आगामी आर्थिक वर्षहरुको बजेट शिर्षक

अनुसारको विनियोजन र प्रक्षेपण समेत गरिन्छ । यसरी मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई पारदर्शी, अनुमानयोग्य, सहभागितामुलक र वैज्ञानिक बनाउँदछ ।

मध्यमकालीन खर्च संरचना एउटा जीवन्त दस्तावेज हो । पालिकाको समष्टिगत आर्थिक परिसूचक, स्रोत परिचालनको संभावना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयन तथा प्रगतिको अवस्था र तीनबाट प्राप्त भएका र हुने प्रतिफल तथा उपलब्धिको आधारमा हरेक वर्ष यसमा पुनरावलोकन गरी कार्यान्वयनको अवस्थाको आधारमा साविकका कार्यक्रम तथा आयोजनालाई निरन्तरता दिने वा संरचनाबाट झिक्ने र क्षेत्रगत प्राथमिकता, आवश्यकता एवम् साधनको सुनिश्चितताको सम्भावनाको आधारमा नयाँ कार्यक्रम वा आयोजना थप्ने कार्य गर्न सकिन्छ । यो कार्य स्थानीय सरकारले समेत कानुन प्रदत्त आफ्नो अधिकार क्षेत्रको विषयमा गर्न सक्दछ । यसका लागि नै मध्यमकालीन खर्च संरचना दस्तावेजको तर्जुमा गरी लागू गर्नका साथै प्रत्येक वर्ष त्यसमा परिमार्जन गर्दै जानु पर्ने हुन्छ ।

## १.२ अवधारणा तथा उद्देश्य

वित्तीय स्रोतको सीमितता र त्यस्तो सीमितता भित्रै सुनिश्चितता खोज्दै समष्टिगत आर्थिक स्थायित्वलाई दिगो तथा भरपर्दो बनाउने उद्देश्यले विश्वका धेरै देशले यस्तो वित्तीय ढाँचाको प्रयोग गर्ने गरेका छन्। नेपालले योजना तर्जुमा गर्ने कार्यलाई सहजीकरण गर्ने उद्देश्यका साथ दशौं आवधिक योजना तयार गर्दा सर्वप्रथम यसलाई योजना पद्धतिमा समावेश गरे पनि त्यसबेला कानूनी दृष्टिबाट भने यसको तर्जुमालाई अनिवार्य गरिएको थिएन । नेपालको वर्तमान संविधान लागू भएपछि आएको अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले संघ, प्रदेश र स्थानीय तहले आआफ्नो व्यवस्थापकीय संस्था (संसद, सभा वा परिषद्) मा वार्षिक अनुमान प्रस्तुत गर्दा त्यस संगै मध्यमकालीन खर्च संरचना समेत तयार गरी प्रस्तुत गर्नुपर्ने अनिवार्य व्यवस्था भए अनुरुप यो पालिकाले तर्जुमा गरेको प्रथमप ञ्चवर्षीय योजनाले लिएका सोच, लक्ष्य र उद्देश्य तथा प्राथमिकताको आधारमा यो मध्यमकालीन खर्च संरचना तयार गरेको छ ।

मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य सार्वजनिक खर्चको व्यवस्थापनलाई उत्पादनमुखी, अनुशासित र प्रभावकारी बनाउनु हो । यसले सीमित वित्तीय स्रोत भित्रै प्राथमिकताको क्रम अनुरुप वार्षिक योजना कार्यान्वयनको लागि सुनिश्चितता खोजेर समष्टिगत आर्थिक स्थायित्वलाई दिगो तथा भरपर्दो बनाउने प्रयास गर्दछ । प्रस्तुत मध्यमकालीन खर्च संरचनाका प्रमुख उद्देश्यहरू निम्नानुसार रहेका छन्:

(१) सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई पालिकाको प्रथम पञ्चवर्षीय योजनाका साथै संघीय सरकार एवम् प्रदेश सरकारका आवधिक योजनाहरुले राखेका लक्ष्य तथा दिगो विकास लक्ष्य समेत हासिल गर्ने दिशामा अघि बढनु,

(२) खर्च प्रणालीमा वित्त अनुशासन कायम गरी समष्टिगत आर्थिक स्थायित्व प्राप्त गर्नका लागि मध्यम अवधिको आन्तरिक र वाह्य स्रोतको वास्तविक अनुमान गरी आगामी

वर्षको वार्षिक कार्यक्रम र बजेट अनुमान तथा आगामी दुई आर्थिक वर्षको बजेट प्रक्षेपण गर्नु,

(३) प्राथमिकताका क्षेत्रमा लगानीको सुनिश्चितता प्रदान गर्न साधन स्रोतको विनियोजन प्रक्रियाको पुनर्संरचना गरी प्राथमिकता प्राप्त विषयगत क्षेत्रमा बजेट बाँडफाँट गर्नु ।

## १.३ मध्यमकालीन खर्च संरचनाको उपादेयता

मध्यमकालीन खर्च संरचनाको अवधारण, यसको प्रयोगको पृष्ठभूम तथा विस्तार, संरचनाको कानूनी मान्यता तथा यसका प्रमुख उद्देश्यहरूलाई दृष्टिगत गर्दा यसको महत्व तथा उपादेयता निम्नानुसार हुने अपेक्षा गरिएको छः

(१) चालु खर्चलाई मितव्ययी बनाउने बारे आधार प्रदान गर्ने,

(२) पूँजीगत खर्चलाई नतिजामुखी बनाउन आधार तयार गर्ने,

(३) सालबसाली रुपमा सामान्य वृद्धिको आधारमा बजेट निर्माण गर्ने प्रक्रिया र परम्पराको अन्त्य गरी बजेट निर्माण प्रक्रियालाई कार्यक्रममा आधारित बनाउने,

(४) पालिकाको गौरव तथा प्राथमिकतामा परेका परियोजनाको लागि स्रोतको अभाव हुन नदिने,

(५) पूँजीगत खर्चको गुणस्तरीयता र प्रभावकारिता बढाउन वर्षको प्रारम्भमा नै निर्माणसम्बन्धी कार्यको ठेक्का बन्दोबस्त गरिसक्ने गरी कार्यक्रमको महत्व तथा स्रोतको सुनिश्चतताको लागि उपयुक्त आधार खडा गर्ने,

(६) परियोजना निर्माणको लागि बहुवर्षीय ठेक्का लगाउदा मध्यमकालीन खर्च संरचनाको सीमा भित्र बसेर प्राथमिकता किटान भएका र स्रोत सुनिश्चित भएका योजनामा मात्र बजेटमा समावेश गर्ने र गराउने,

(७) गैर बजेटरी रकम माग गर्ने कार्यलाई निरुत्साहित गर्ने र विनियोजित रकम मासिक रुपमा कार्य अनुपात निर्धारण गरी सोही अनुपात तथा समय सीमा भित्र रहेर खर्च गर्ने गराउने तथा वर्षका पछिल्ला महिनामा हचुवाका भरमा खर्च गर्ने प्रवृत्तिको अन्त्य गर्ने ।

## १.४ मध्यमकालीन खर्च संरचनाको अपेक्षित उपलब्धि

(क) अनुमानित खर्च र स्रोत बीच सन्तुलन कायम भएको अवस्था,

(ख) गैर बजेटरी मागमा न्यूनिकरण हुँदै नियन्त्रण भएको अवस्था,

(ग) वित्तीय अनुशासन कायम गर्न सहयोग पुगेको अवस्था,

(घ) पालिकाको गौरवका आयोजना तथा प्राथमिकतामा परेका अन्य आयोजना र चालु कार्यक्रम तथा आयोजनाको लागि साधन र स्रोतको सुनिश्चितता भएको अवस्था,

(ङ) बजेट तर्जुमा प्रक्रिया वैज्ञानिक तथा भरपर्दो एवम् विश्वसनीय भएको अवस्था,

(च) पालिकाको बजेट विनियोजन र विनियोजित साधनको प्रयोगमा कुशलता अभिवृद्धि भएको अवस्था ।

## १.५ संस्थागत व्यवस्था

यो मध्मकालीन खर्च संरचना तयारीका लागि देहाय बमोजिमका समितिहरु गठन गरिनुका साथै ती समितिहरु भएको छलफल तथा प्राप्त सुझावहरुका आधारमा मध्मकालीन खर्च संरचना तर्जुमा गरिएको छ ।

**(क)स्रोत अनुमान तथा बजेटसीमा निर्धारण समिति :**

| | | |
|---|---|---|
| १. गाउँपालिकाका अध्यक्ष | – | संयोजक |
| २. गाउँपालिकाका उपाध्यक्ष | – | सदस्य |
| ३. कार्यपालिका सदस्यहरु मध्येबाट महिला, दलित वा अल्प संख्यकको समेत प्रतिनिधित्व हुने गरी अध्यक्षले तोकेको ४ जना | – | सदस्य |
| ४. प्रमुख प्रशासकीय अधिकृत | – | सदस्य सचिव |

**(ख) मध्यमकालीन खर्च संरचना प्राविधिक समिति :**

| | | |
|---|---|---|
| १. प्रमुख प्रशासकीय अधिकृत | – | संयोजक |
| २. विषयगत महाशाखा/शाखा प्रमुख | – | सदस्य |
| ३. योजना महाशाखा/शाखा प्रमुख | – | सदस्य सचिव |

**(ग) बजेट तथा कार्यक्रम तर्जुमा समिति :**

| | | |
|---|---|---|
| १. गाउँपालिकाका उपाध्यक्ष | – | संयोजक |
| २. विषयगत क्षेत्र हेर्ने गाऊँपालिकाका सदस्यहरु | – | सदस्य |
| ३. प्रमुख प्रशासकीय अधिकृत | – | सदस्य |
| ४. योजना शाखा प्रमुख | – | सदस्य सचिव |

## १.६ तर्जुमा प्रक्रिया

मध्यमकालीन खर्च संरचना तर्जुमा राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ लाई प्रमुख आधारका रुपमा लिइएको छ । यसका साथै सो दिग्दर्शनमा उल्लेख भएका समितिहरुको निर्माण गरी ती समितिहरुले दिएको राय तथा सुझावका आधारमा यसको तर्जुमा भएकोछ । यसै गरी विषय विज्ञहरुको राय तथा सुझावलाई समेत समेटेर यो दस्तावेज तयार भएको छ ।

# परिच्छेद २
# मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

नेपालको संविधानले परिलक्ष्य गरेको सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्न तिनै तहको सरकारले उपलब्ध साधन, स्रोतको परिचालन र उपयोग जनचाहना र आकांक्षा सगै जोडिएका आर्थिक, सामाजिक तथा पूर्वाधार सम्बन्धी आवश्यकता अनुरुप प्राथमिकीकरण गरी सो आधारमा गर्न सक्दछन् । यस कार्यको लागि मध्यमकालीन खर्च संरचनाले प्रमुख आधार प्रदान गर्दछ । यसरी आवश्यकता र साधनको उपलब्धताको आधारमा कार्यक्रमको प्राथमिकीकरण गर्ने र सो अनुरुपका कार्यक्रमको कार्यान्वयनको लागि चाहिने साधनको स्रोत सुनिश्चित गर्ने औजारको रुपमा, मध्यमकालीन खर्च संरचनालाई लिइन्छ ।संघ, प्रदेशको तथा स्थानिय दिगो विकासका लक्ष्यहरु हासिल गर्नमा समेत पालिकाको पनि स्थानीय सरकारका रुपमा अहम् भूमिका हुने हुँदा त्यसको लागि उत्पादनमा अभिवृद्धि गर्न चाहिने लगानीमा बढोत्तरी ल्याउन पालिकाको आफ्नो आन्तरिक अर्थतन्त्रको समष्टिगत संरचनाको मूल्याङ्कन गरी त्यसैको आधारमा आगामी तीन वर्षको आर्थिक सामाजिक तथा भौतिक लक्ष्यहरू निर्धारण गरी अघि बढ्नु भएकाले पालिकाको प्रथम पञ्चवर्षीय आवधिक योजना समेत तर्जुमा गरी सो योजनाले लिएका सोच, लक्ष्य, उद्देश्य, रणनीति र सूचकहरूलाई आधार मानी यो मध्यमकालीन खर्च संरचना (२०८०/०८१–२०८२/०८३) तयार पारिएको छ ।

पालिकाको आर्थिक, सामाजिक पछौटेपन तथा न्यून एवम् कमजोर भौतिक पूर्वाधारहरुको पृष्ठ भूमिमा यसले खडा गरेको विशाल चुनौतिहरुको परिप्रेक्ष्यमा विकासको पथमा अघि बढन पक्कै पनि सहज छैन । तथापि यो पालिकाको भूगोल र प्राकृतिक स्रोतलाई विकासको प्रमुख संवाहकका रुपमा उपयोग गर्न सकिएमा यो पालिकाको विकासलाई छिट्टै नै राष्ट्रिय औषद् विकासलाई उच्च स्तरमा पुर्‍याउन सकिन्छ । यसैले आगामी दिनका पालिकाका योजना, नीति, कार्यक्रम तथा बजेटहरू उपलब्ध तथा सम्भाव्य स्रोतको संरक्षण तथा यस क्षेत्रका नागरिकहरूको हितमा दिगो रुपले उपयोग गर्ने र गराउने कुरामा केन्द्रित हुनु पर्ने छ ।

अर्का तिर योजना, नीति तथा बजेटले लिनुपर्ने लक्ष्य, उद्देश्य र प्राथमिकताको दोश्रो महत्वपूर्ण पाटो पालिकाका नागरिकहरुलाई विद्यमान आर्थिक, सामाजिक पछौटेपनबाट माथि उकास्नु हो । यस सन्दर्भमा मानव विकास सूचक, नवजात शिशुको मृत्युदर, साक्षरता प्रतिशत, सरदर आयु, शौचालय सुविधा र खानेपानीका सुधारिएका स्रोत समेतका पाँच वटा सूचकलाई आधार बनाएर अघि बढन पर्ने देखिन्छ । यो मध्यमकालीन खर्च संरचना तयार गर्दा योजना तथा बजेटले यस्ता सूचकहरुका सुधार गरी सन् २०३० सम्ममा दिगो

विकासको लक्ष्य हासिल गर्ने कार्यमा देखिएका चुनौतिहरुको सम्बोधन गर्न सक्नुपर्ने कुरालाई पनि ध्यानमा राखिएको छ ।

## २.२ सोच, उद्देश्य तथा रणनीति

पालिकाको प्रथम पञ्चवर्षीय आवधिक योजनाले अङ्गिकार गरेका सोच, लक्ष्य, उद्देश्य, प्रथामिकता तथा प्रमुख नीति र रणनीतिहरुलाई परिमाणात्मक लक्ष्य निम्न अनुसार छन्:

### २.२.१ नाम्खाको सोच

**"शिक्षित र स्वाबलम्वी नाम्खा"**

### २.२.२ नाम्खाको लक्ष्य

शिक्षामा लगानी, पर्या—पर्यटन र पशुपालनमा सन्तुलित र दिगो विकास गर्दै तीव्र आर्थिक वृद्धि हासिल गरी नाम्खा गाउँपालिकाको दीर्घकालीन सोचलाई व्यवहारमा उतार्ने लक्ष्य रहेको छ ।

**नाम्खाको दीर्घकालीन लक्ष्य**

| समृद्धि | सुखारी |
|---|---|
| १. सम्भाव्य आर्थिक क्षेत्रको पहिचान र परिचालन | १. आधारभूत आवश्कताको परिपूर्ति |
| २. आधुनिक पूर्वाधारमा आवद्धता | २. परिष्कृत तथा मर्यादित जीवन |
| ३. मानव पुँजीको निर्माण र उपयोग | ३. सुरक्षित, सभ्य र न्यायपूर्ण समाज |
| ४. हरित अर्थतन्त्रको विकास | ४. स्वस्थ र सन्तुलित पर्यावरण |
| ५. समतामूलक गाउँको आय | ५. सुशासन |

### २.२.३ नाम्खाको रणनीति

**"शिक्षित र स्वाबलम्वी नाम्खा गाउँपालिका"** बनाउने सोचलाई सार्वजनिक, निजी, सहकारी, सामुदायिक क्षेत्र र विकास साझेदारसँग सहलगानी र सहकार्यको मात्रा बढाएर पुरा गर्ने रणनीति अनाइएको छ।

**नाम्खाको दीर्घकालीन रणनीति**

| समयावधि | अवधि | संघ | प्रदेश | स्थानीय |
|---|---|---|---|---|
| २०७९/०८०— २०८३/०८४ | ५ वर्ष | समृद्धि र सुखको सिर्जना | शिक्षा, स्वास्थ्य, उत्पादन र रोजगार त्यसका लागि पूर्वाधार | पूर्वाधार निर्माण |
| २०८४/०८५— २०९५/०९६ | १० वर्ष | समृद्धि र सुखको तीव्रता | विकासमा तीव्रता, समृद्धिमा अग्रता | समृद्धिको आधार |
| २०९६/०९७— २१०५/००६ | १० वर्ष | समृद्धि र दिगोपना | समृद्ध नाम्खा, सुखारी नाम्खाली | शिक्षित र स्वावलम्वी |

यसका लागि निम्नानुसारको रणनीति अपनाइने छः

१. दिगो र भरपर्दो भौतिक पूर्वाधार विकास गर्ने,
२. गुणस्तरीय र सर्वसुलभ शिक्षा र स्वास्थ्य सेवा सुनिश्चित गर्ने,
३. उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,
४. प्राकृतिक स्रोत, सम्पदाको परिचालन गर्ने,
५. दिगो विकासका लक्ष्यहरू हाँसिल गर्ने,
६. सुशासनका लागि सार्वजनिक सेवाको सुदृढीकरण गर्ने ।

## २.२.४ नाम्खा गाउँपालिकाको परिमाणात्मक लक्ष्य

यो पालिकाको प्रमुख परिमाणात्मक लक्ष्य एवम् सुचकहरू यस प्रकार तय गरिएका छन्:

**गाउँपालिकाको परिमाणात्मक लक्ष्य**

| क्र सं | सूचक / लक्ष्य | एकाइ | आधार वर्षको अवस्था | | | योजनाको अन्तिम वर्षको लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल २०७५/०७६ | कर्णाली २०७५/०७६ | नाम्खा २०७८/०७९ | नेपाल २०८०/०८१ | कर्णाली २०८०/०८१ | नाम्खा २०८३/०८४ |
| क) | समष्टिगत गन्तव्य तथा सुचक | | | | | | | |
| १. | मानव विकास सुचकाङ्क | इण्डेक्स | ०.५७९ | ०.४२७ | ०.५३८ | ०.६२४ | ०.५८८ | ०.५९० |
| २. | औषत आयु | वर्ष | ६९.७ | ६७ | ६७ | ७६ | ७० | ७२ |
| ३. | गार्हस्थ्य प्रति व्यक्ति आम्दानी | युएस डलर | १०४७ | ६०६ | ९६४ | १५९५ | ११४७ | ११४७ |
| ४. | साक्षरता दर (१५ वर्ष भन्दा माथि) | प्रतिशत | ५८ | ६६ | ६३ | ९५ | ९० | ९८ |
| ५. | बेरोजगारी दर | प्रतिशत | ९.७ | ९.७ | ७.५ | ६ | ६ | ५ |
| ६. | निरपेक्ष गरिबीको रेखामुनीको जनसंख्या | प्रतिशत | १८.७ | २८.९ | २८.९ | ९,५ | १८ | १५ |
| ७. | बहुआयामिक गरिबीमा रहेको जनसंख्या | प्रतिशत | २८.६ | ५१.२ | ३९.५ | ११.५ | २५ | २० |
| ८. | आर्थिक रुपले सक्रिय जनसंख्या | प्रतिशत | ६३ | ६४ | ६५.७३ | ६६ | ६७ | ६८ |
| ९. | विपतबाट हुने आर्थिक क्षति रकम | रु लाख | - | - | २० | १६ | १२ | १० |
| ख) | विषय क्षेत्रगत गन्तव्य तथा सुचक | | | | | | | |
| १. | खाद्यान्न बाली उत्पादन | हेक्टर | १०६८.५५ | ५४.७५ | ३.६७ | ४५०० | ६२० | ५.८६ |
| २. | काठको उत्पादन (लाखमा) | घ मि | - | - | ६५० | ७०० | ७५० | ८०० |
| ३. | उद्योगबाट रोजगारी सिर्जना (सयमा) | संख्या | - | - | ३८७ | ४०० | ४५० | ५०० |

| क सं | सूचक / लक्ष्य | एकाइ | आधार वर्षको अवस्था | | | योजनाको अन्तिम वर्षको लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल २०७५/०७६ | कर्णाली २०७५/०७६ | नाम्खा २०७८/०७९ | नेपाल २०८०/०८१ | कर्णाली २०८०/०८१ | नाम्खा २०८३/०८४ |
| ४. | निर्यात आयात अनुपात | अनुपात | - | - | १०:९० | १५:८५ | २०:८० | २५:७५ |
| ५. | पर्यटक आवागमन (वार्षिक) | संख्या | - | - | ५,००० | ६,५०० | ९,५०० | १०,००० |
| ६. | पर्यटक क्षेत्रमा रोजगारी | संख्या | - | - | ६०० | ७०० | ८०० | ९०० |
| ७. | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ८८ | ६७.५ | ९८ | १०० | ९० | १०० |
| ८. | विद्युत उत्पादन क्षमता | मे वा | १२५० | ८.२५ | ३१० कि वा | ५८२० | २०० | ५ |
| ९. | वर्षभरी सिँचाइ हुने खेतीयोग्य जमिन | प्रतिशत | ३३ | १५.५ | ५ | ५० | ३३ | १५ |
| १०. | सडक निर्माण लम्बाई | कि मि | ३१,३०० | ७५८.२ | २१५ | ३४,१०० | ३,३०१ | ३५२ |
| ११. | इन्टर नेट प्रयोगकर्ता जनसंख्या | प्रतिशत | ६५.९ | ४० | ६५ | ८० | ६५ | १०० |
| १२. | युवा साक्षरता दर ( १५ — २४ वर्ष) | प्रतिशत | ९२ | ८२ | ६७ | ९९ | ९९ | ९५ |
| १३. | विद्यालय संख्या | संख्या | ३५०५५ | ३५२२ | १७ | ३५०५५ | ३५२२ | १७ |
| क) | आधारभुत तह | प्रतिशत | ९३ | ९३.२ | ९८ | ९९ | ९८ | ९९ |
| ख) | माध्यमिक तह | प्रतिशत | ४६ | ५९.४ | ६० | ६५ | ६५ | ६५ |
| १५. | प्राविधिक र व्यावसायिक शिक्षामा तालिक प्राप्त जनसंख्या | जना | १९७,७२८ | - | ३३८ | ३७४,८८३ | - | ६०० |
| १६. | आधारभुत खाद्य सुरक्षाको स्थितिमा रहेको परिवार | प्रतिशत | ४८.२ | २२.५ | ७.७० | ८० | ५० | ३३.१७ |
| १७. | ५ वर्ष मुनिका बाल मृत्यु दर (प्रति हजार जीवित जन्ममा | जना | ३९ | ५८ | ० | २४ | ३५ | ० |
| १८. | तौल कम भएका बालबालिका ( ५ वर्ष मुनि ) | प्रतिशत | २७ | ३५.६ | ० | १५ | २० | ० |
| १९. | आधारभुतस्तरको खानेपानी सुविधाबाट लाभान्वित जनसंख्या | प्रतिशत | ८९ | ८६.२ | ८७ | ९९ | ९५ | ९५ |
| २०. | सरसफाइ सुविधा उपलब्ध घरपरिवार | प्रतिशत | — | ७७.७ | ९५ | ९० | ८५ | ९९ |

| क सं | सूचक / लक्ष्य | एकाइ | आधार वर्षको अवस्था | | | योजनाको अन्तिम वर्षको लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल २०७५/०७६ | कर्णाली २०७५/०७६ | नाम्खा २०७८/०७९ | नेपाल २०८०/०८१ | कर्णाली २०८०/०८१ | नाम्खा २०८३/०८४ |
| २१. | आफ्नै स्वामित्वको आवासमा बसोवास गर्ने परिवार | प्रतिशत | ८५.३ | ९४.४ | १०० | ८९ | ९६ | १०० |
| २२. | आधारभुत सामाजिक सुरक्षामा आवद्ध जनसंख्या | प्रतिशत | १७ | ५ | २८.८८ | ६० | ४८ | ४० |
| २३. | ३० मिनेटको दुरीमा स्वास्थ्य सेवामा पहुँच रहेका परिवार | प्रतिशत | ४९ | २३.६ | २१ | ८० | ६० | ६० |
| २४. | ३० मिनेटको दुरीमा यातायात सेवामा पहुँच भएको परिवार | प्रतिशत | ८२ | — | ७० | ९५ | ७५ | ९५ |
| २५. | बैंक तथा वित्तीय संस्था | संख्या | — | १७८ | १:१४ | — | — | १:२८ |
| २६. | जमिनमा महिलाको स्वामित्व हुने परिवार | संख्या | | | ३३ | | | १५० |
| २७. | जीवनकालमा शारीरिक वा मानसिक वा यौन हिंसा पिडित महिला | प्रतिशत | २४.४ | १९.१ | १ | १३ | ९.५ | ० |
| २८. | विपतबाट मृत्यु हुने वार्षिक जनसंख्या | जना | - | - | ३ | - | - | १ |
| २९. | विपतको घटनाबाट प्रभावित हुने जनसंख्या (वार्षिक) | प्रतिशत | १७.१ | - | १ | ९.८ | - | ०.५ |
| ३० | प्रकोपबाट कृषि क्षेत्रमा भएको वार्षिक क्षति (रु हजारमा) | रकम | - | - | २०,००० | - | - | १०,००० |
| ३१ | प्रकोपबाट खानेपानी संरचनामा भएको क्षति (वार्षिक) | संख्या | - | - | १ | - | - | ० |
| ३२ | प्रकोपबाट भौतिक पूर्वाधारमा भएको क्षति (वार्षिक) | वटा | - | - | १ | - | - | ० |
| क सं | सूचक / लक्ष्य | एकाइ | आधार वर्षको अवस्था | | | योजनाको अन्तिम वर्षको लक्ष्य | | |

*(**स्रोत** : आ.व. २०७५/०७६ को केन्द्रीय तथ्याङ्क विभाग,आर्थिक सर्वेक्षण २०७५/०७६,नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६, मानव विकास प्रतिवेदन २०१८, वहुआयामिक गरिबीको प्रतिवेदन २०१८, प्रथम पञ्चवर्षीय योजना कर्णालीप्रदेश, पन्ध्रौं योजना रा.यो.आ.)*

## २.६ नाम्खा विकासको प्रमुख सम्वाहकहरु

पालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य अनुसार आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणका निम्न प्रमुख सम्बाहकहरू पहिचान गरिएका छन् । यी सम्वाहकहरू प्रदेशका आवधिक योजनाहरूमा प्रतिविम्वित हुनेछन् ।

१. पर्या-पर्यटन तथा कला र संस्कृति,
२. बौद्ध धर्म तथा गुम्बाहरु
३. कृषि उत्पादन र सेवा क्षेत्रको विकास,
४. जल विद्युत उत्पादन,
५. गुणस्तरीय र दिगो सडक पूर्वाधार
६. बहुमूल्य जडीबुटीको प्रशोधन,
७. विज्ञान प्रविधि र नवप्रवर्तन,
८. अन्तराष्ट्रिय नाका
९. सुख्खा बन्दरगाह
१०. व्यावसायिक शिक्षा, मानव पुँजी निर्माण,
११. सुरक्षित र स्वस्थ्य गाउँघर,
१२. सार्वजनिक, निजी, सहकारी तथा सामुदायिक साझेदारी ।

## २.७ जनकेन्द्रित विकास

विकासमा राज्य, निजी क्षेत्र, सहकारी र समुदायको परिपूरक भूमिका हुन्छ । असल शासन मार्फत राजनैतिक तथा प्रशासनिक नेतृत्वले समुदाय केन्द्रित विकासका लागि जनपरिचालन र सहकारिता मार्फत स्थानीय तहसम्म विकास पुऱ्याउनु पर्दछ । आन्तरिक र बाह्य लगानीलाई ब्यापक रूपमा परिचालन गरी निजी क्षेत्रलाई प्रोत्साहन गर्नु आवश्यक हुन्छ ।

राज्यले निजी क्षेत्रलाई निश्चित अवधिसम्म कर छुट, विद्युत, जमिन र बाटो उपलब्ध गराई औद्योगिक पूर्वाधार निर्माण गर्नुका साथै सुरक्षा र प्रोत्साहन दिन्छ । यसबाट लगानीकर्ताको उचित नाफा सुरक्षित भई लगानीकर्ता आर्कषित हुन पुग्नेछन् । नाफा अनुसार निजी क्षेत्रले पनि विस्तारै करको दायित्व, स्थानीय रोजगारी, वातावरणीय तथा सामाजिक दायित्वहरू पुरा गर्नेछन् । सरकार, निजी क्षेत्र तथा समुदाय र सहकारी क्षेत्रले दिगो विकास लक्ष्य र समाजवाद, न्याय र समानताको उद्देश्यलाई केन्द्रमा राखी आयोजनाहरू सञ्चालित गर्नेछन् ।

कर्णाली प्रदेशले पूर्वाधार विकासलाई समग्र विकासको मूल आधारका रूपमा लिएको छ। नाम्खा पालिकाले पनि वितेको पाँच वर्ष र अहिलेको कार्यकाललाई पूर्वाधार विकासमा केन्द्रित हुनुपर्ने निष्कर्ष निकालेको छ । प्रदेश राजधानी सुर्खेत जोड्ने कर्नाली करिडोर, पालिका केन्द्र जोड्ने सडकहरु,बस्ती विकास, विद्युतीय ऊर्जा प्रशारण लाइन, खानेपानी, सूचना, सञ्चार, सिँचाइ विभिन्न भवन जस्ता भौतिक पूर्वाधार निर्माण हुने छन्।

जल, जमिन, जङ्गल, जडीबुटी र जन समुदायको उपलब्धताका आधारमा उत्पादन सम्बन्धित आर्कषक क्षेत्रहरू पर्या—पर्यटन, पशुपालन,अर्गानिक कृषि, जडीबुटी प्रशोधन,साना तथा मझौला उधोग व्यवसायिक शिक्षामा लगानीको वातावरण निर्माण भई आर्थिक वृद्धि तथा रोजगारी सिर्जना भएको हुनेछ। पूर्वाधारहरू मानिसका आवश्यकता र धर्तीको संवेदनशीलतालाई ध्यानमा राखी निर्माण हुनेछन् । पूर्वाधारमा आधारित विकासले उत्पादनका क्षेत्रमा लगानीको ढोका खोल्ने र तीव्र आर्थिक वृद्धि हाँसिल गर्न सकिनेछ। यसबाट नयाँ क्षेत्रमा लगानी, सहज आपूर्ती, व्यापार विस्तार, खाद्य सुरक्षा र रोजगारी सिर्जना हुन पुग्नेछ।

## २.८ जोखिम पक्ष अनुमान

राष्ट्रिय सोच र प्रदेशको सोचसँग प्रत्येक पञ्चबर्षिय आवधिक योजनालाई तादाम्यता मिलाएर नाम्खा गाउँपालिकाले आफ्नो विशेषता सहितको आवधिक योजना, कार्यक्रम तथा बजेट तर्जुमामा एकरूपता कायम गरी कार्यान्वयन गर्न सकिने अनुमान गरिएको छ। नाम्खा गाउँपालिकाले जोखिम पक्षको आँकलन गर्दा भू-राजनैतिक अवस्थिति, जलवायु परिवर्तन, कोभिड-१९ को असर, लगानीको सुनिश्चितता र खर्च गर्ने क्षमता विकास, प्रभावकारी शासन व्यवस्था, उत्पादन तथा बजार व्यवस्थापन र यथेष्ठ पूर्वाधार विकास जस्ता क्षेत्रमा जोखिमका सम्भावना देखिएका छन्।

लामो समयदेखि भूकम्प नगएको यस क्षेत्रमा ठूलै भूकम्पीय जोखिम रहेको हुनाले विपद् जोखिम न्यूनीकरण सम्बन्धी पर्याप्त तयारी हुन नसकेमा मानवीय, भौतिक तथा आर्थिक क्षति व्यहोर्नु पर्ने अवस्था छ। कोभिड-१९ जस्ता विश्व महामारी, राष्ट्रिय र विश्व अर्थतन्त्रमा उतारचढावका सम्भावनालाई पनि नकार्न सकिदैन। उक्त जोखिमहरूको व्यवस्थापन गर्दा नीतिगत, सङ्गठनात्मक, व्यवस्थापकीय र वातावरणीय पक्षलाई विशेष ध्यान दिनुपर्ने देखिएको छ।

## २.९ योजनाका प्राथमिकताहरु

पालिकाको आवश्यकताका आधारमा यो प्रथम आवधिक योजनाको निम्न बमोजिमका प्राथमिकताहरु निर्धारण गरिएका छन् ।

१. भौतिक पूर्वाधार विकास

क) सडक

ख) सूचना तथा सञ्चार प्रविधि

ग) ऊर्जा

घ) खानेपानी

ङ) बस्ती विकास

च) सिँचाइ

छ) भवन र खेलकूद मैदान

ज) गुम्बा र सामुदायिक भवन

झ) पाटी पौवा र पार्क

ञ) अन्य सामाजिक संरचना

२. सामाजिक विकास

क) शिक्षा

ख) स्वास्थ्य

ग) रोजगार

घ) सामाजिक सुरक्षा

ङ) महिला बालबालिका तथा जेष्ठनागरिक

**३. हरित अर्थतन्त्रमा आधारित उत्पादन**

क) कृषि

ख) जडीबुटी

ग) उद्योग

घ) खानी

ङ) वन पैदावार

**४. पर्यटन उद्योग,**

**५. सुशासन**

## २.३ समष्टिगत मध्यमकालीन आर्थिक खाका

| क्र सं | सूचक | एकाई | गत आ व २०७८/०७९ को उपलब्धि | चालु आ व २०७९/०८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ व २०८०/०८१ | आ व २०८१/०८२ | आ व २०८२/०८३ |
| १ | वार्षिक औषत आर्थिक वृद्धि दर | प्रतिशत | ३ | ४ | ५ | ६ | ७ |
| २ | कृषि क्षेत्रको औषत वृद्धि दर | प्रतिशत | ४ | ५ | ६ | ७ | ८ |
| ३ | उद्योग क्षेत्रको औषत वृद्धि दर | प्रतिशत | ३ | ४ | ५ | ६ | ७ |
| ४ | सेवा क्षेत्रको औषत वृद्धि दर | प्रतिशत | ४ | ५ | ६ | ७ | ८ |
| ५ | उद्योग, व्यापार र व्यवसाय | संख्या | १२९ | १३२ | १४० | १५० | १६० |
| ६ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेको परिवार | प्रतिशत | ७.७० | १० | १५ | २५ | ३५ |

## २.४ समष्टिगत मध्यमकालीन नतिजा खाका

| क्र सं | सूचक | एकाई | गत आ व २०७८/०७९ को उपलब्धि | चालु आ व २०७९/०८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ व २०८०/०८१ | आ व २०८१/०८२ | आ व २०८२/०८३ |
| १ | ५ वर्ष मुनीका कम तौल भएका बालबालिका | प्रतिशत | – | २० | १५ | १० | ५ |
| २ | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | ६३ | ६५ | ७० | ८० | ९० |
| ३ | प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | १५ | ३० | ६० | ७० | ८० |
| ४ | प्राविधिक वा व्यावसायिक क्षेत्रमा तालिम प्राप्त जनसंख्या | प्रतिशत | १० | १२ | १५ | २० | ३० |
| ५ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | – | ५० | ६० | ६५ | ७० |
| ६ | स्थानीय सडक (कालोपत्रे) | कि मि | ० | ० | ० | ० | ५ |
| ७ | स्थानीय सडक (खण्डास्मित) | कि मि | ७ | २३ | ३२ | ४३ | ९० |
| ८ | स्थानीय सडक (धुले) | कि मि | ७ | २३ | ३२ | ४३ | ९० |
| ९ | ३० मिनेटको दुरीमा यातायात पहुँच भएको जनसंख्या | प्रतिशत | ७० | ७५ | ८० | ८५ | ९० |
| १० | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ९८ | ९८.२ | ९८.५ | ९८.८ | ९९.५ |
| ११ | सुरक्षित आवासमा बसोबास गर्ने जनसंख्या | प्रतिशत | | | | | ५ |
| १२ | ऊर्जा उपभोगमा नविकरणीय ऊर्जाको अनुपात | प्रतिशत | २० | ३० | ४० | ५० | ६० |
| १३ | आधारभूत खानेपानी सुविधा पुगेको जनसंख्या | प्रतिशत | ८७ | ८८ | ८९ | ९० | ९२ |
| १४ | ५ वर्ष मुनीका बालबालिकाको जन्म दर्ता | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| १५ | विपद् घटनाबाट प्रभावित परिवार | प्रतिशत | ५ | ४ | ३ | २ | १ |

| क्र सं | सूचक | एकाई | गत आ व २०७८/०७९ को उपलब्धि | चालु आ व २०७९/०८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ व २०८०/०८१ | आ व २०८१/०८२ | आ व २०८२/०८३ |
| १६ | मातृ भाषामा पठन पाठन हुने विद्यालय | संख्या | १ | १ | ६ | १० | १७ |
| १७ | सामाजिक सुरक्षामा आवद्ध जनसंख्या | प्रतिशत | २८.८८ | ३० | ३२ | ३४ | ३६ |
| १८ | पर्यटक आवागमन | संख्या | ५००० | १०,००० | १५,००० | २५,००० | ३५,००० |
| १९ | स्थानीय सेवा प्रवाहबाट सन्तुष्ट नागरिक | प्रतिशत | ५० | ७० | ८० | ९० | ९८ |
| | | | | | | | |

## २.५ समष्टिगत मध्यमकालीन बजेट खाका (रु लाखमा)

| क्र सं | विवरण | गत आ व २०७८/०७९ को उपलब्धि | चालु आ व २०७९/०८० को अनुमानित उपलब्धि | मध्यमकालीन बजेट अनुमान र प्रक्षेपण (रु लाखमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | आ व २०८०/०८१ को प्रक्षेपण | आ व २०८१/०८२ को प्रक्षेणप | आ व २०८२/०८३ को प्रक्षेणप | ३ वर्षको कुल प्रक्षेपण |
| १ | **खर्च अनुमान** | | | | | | |
| | चालु खर्च | १५६८ | १७७४ | १९२५ | २०५० | २१५० | ६१२५ |
| | पुँजीगत खर्च | १६९१ | १३०६ | १२१४ | २१०० | ३२०० | ६५१४ |
| | वित्तीय व्यवस्था | – | – | – | – | – | – |
| | **कुल** | **३२,५९** | **३०,८०** | **३१,३९** | **४१,५०** | **५३,५०** | **१,२६,३९** |
| २ | **आय अनुमान** | | | | | | |
| २.१ | आन्तरिक आय | ४ | ७ | १० | १४ | १९ | ४३ |
| | राजश्व बाँडफाँटबाट प्राप्त रकम | | | | | | |
| | क. नेपाल सरकार | ८५२ | ६४३ | ६३० | ७५० | ८५० | २२३० |
| | ख. प्रदेश सरकार | | | | | | |
| २.३ | रोयल्टी बाँडफाँट | | | | | | |
| | क. वन रोयल्टी | - | - | - | - | - | - |
| | ख. खानी रोयल्टी | | - | - | - | - | - |
| | ग. विद्युत रोयल्टी | | - | - | - | - | - |
| | घ. पर्वतारोहणरोयल्टी | | - | - | - | - | - |
| | ङ. खानी तथा अन्य रोयल्टी | | - | - | - | - | - |
| २.४ | नेपाल सरकार वित्तीय हस्तान्तरण | | | | | | |

| क्र सं | विवरण | गत आ व २०७८/०७९ को उपलब्धि | चालु आ व २०७९/०८० को अनुमानित उपलब्धि | मध्यमकालीन बजेट अनुमान र प्रक्षेपण (रु लाखमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | आ व २०८०/०८१ को प्रक्षेपण | आ व २०८१/०८२ को प्रक्षेपण | आ व २०८२/०८३ को प्रक्षेपण | ३ वर्षको कुल प्रक्षेपण |
| | क. वित्तीय समानीकरण अनुदान | ६८५ | ७३४ | ६९९ | ७५० | ८०० | २२४९ |
| | ख. सशर्त अनुदान | १७७८ | १००० | १२४९ | १४०० | १८०० | ४४४९ |
| | ग. समपूरक अनुदान | ०.०० | ५० | १०५ | १५५ | २५० | ५१० |
| | घ. विशेष अनुदान | ०.०० | २४५ | ५५ | २०० | ३०० | ५५५ |
| २.५ | प्रदेश सरकार वित्तीय हस्तान्तरण | | | | | | |
| | क. वित्तीय समानीकरण अनुदान | ४९ | ५० | ०० | १०० | २०० | ३०० |
| | ख. सशर्त अनुदान | ५२१ | २२८ | २६० | ३५० | ४५० | १०६० |
| | ग. समपूरक अनुदान | २५ | ६९ | ६० | १०० | १५० | ३१० |
| | घ. विशेष अनुदान | ३५ | ६० | १०० | १५० | २५० | ५०० |
| २.६ | आन्तरिक ऋण | ० | ० | ० | ० | ० | ० |
| २.७ | अन्य अनुदान | | | | | | |
| २.८ | जनसहभागिता | – | – | ५ | ५ | ५ | १५ |
| २.९ | अन्तर स्थानीय तह साझेदारी रकम | ० | ० | ० | ० | ० | ० |
| २.१० | मौज्दात रकम | – | – | १३५ | १५० | २०० | २५० |
| | **कुल** | **३९,४९** | **३०,८६** | **३३,०८** | **४१,२४** | **५२,७४** | **१२४,७१** |
| | **बतच (+) न्युन (-)** | **(-) १०** | **(+) ६** | **(+) १,६९** | **(-) २६** | **(-) ७६** | **(-) १,६८** |

## २.६ कार्यक्रम तथा आयोजनाको सांकेतिकरण तथा बजेट विनियोजन तथा प्रक्षेपणको बाँडफाँट

शिर्षक अनुसारका आधारमा बजेटको बाँडफाँट तथा प्रक्षेपण देहाय बमोजिमको तालिकामा दिइए बमोजिम रहेका छन् ।

## २.६.१ रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

रु लाखमा

| रणनीतिक संकेत | रणनीतिक स्तम्भ | आ व २०८०/०८१ को विनियोजन | | आ व २०८१/०८२ को प्रक्षेपण | | आ व २०८२/०८३ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | दिगो र भरपर्दो भौतिक पूर्वाधार विकास | १२५६ | ४० | १६६० | ४० | २१४० | ४० |
| २ | शिक्षा र स्वास्थ्य सेवा सुनिश्चित | ४७१ | १५ | ६२३ | १५ | ८०२ | १५ |
| ३ | उत्पादन र उत्पादकत्व वृद्धि | ६२७ | २० | ८३० | २० | १०७० | २० |
| ४ | प्राकृतिक स्रोत, सम्पदाको परिचालन | १५७ | ५ | २०७ | ५ | २६८ | ५ |
| ५ | दिगो विकासका लक्ष्यहरू हाँसिल | ३१४ | १० | ४१५ | १० | ५३५ | १० |
| ५ | सार्वजनिक सेवाको सुदृढीकरण | ३१४ | १० | ४१५ | १० | ५३५ | १० |
| | **कुल रकम** | **३१३९** | **१००** | **४१५०** | **१००** | **५३५०** | **१००** |

## २.६.२ प्राथमिकताको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

रु लाखमा

| प्राथमिकता क्रम | आयोजना संख्या | आ व २०८०/०८१ को विनियोजन | | आ व २०८१/०८२ को प्रक्षेपण | | आ व २०८२/०८३ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| **पहिलो (P1)** | – | २६९९ | ८६ | ३५२८ | ८५ | ४५४८ | ८५ |
| **दोस्रो (P2)** | – | ४४० | १४ | ६२२ | १५ | ८०२ | १५ |
| **कुल रकम** | | **३१३९** | **१००** | **४१५०** | **१००** | **५३५०** | **१००** |

## २.६.३ दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

रु लाखमा

| सकेत नं | दिगो विकास लक्ष्य | आ व २०८०/०८१ को विनियोजन | | आ व २०८१/०८२ को प्रक्षेपण | | आ व २०८२/०८३ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | २२० | ७ | २९१ | ७ | ३७४ | ७ |
| २ | शुन्य भोकमरी | १५७ | ५ | २०८ | ५ | २६८ | ५ |
| ३ | स्वस्थ्य जीवन | २२० | ७ | २९१ | ७ | ३७४ | ७ |
| ४ | गुणस्तरीय शिक्षा | २५१ | ८ | ३३२ | ८ | ४२८ | ८ |
| ५ | लैङ्गिक समानता | ९४ | ३ | १२५ | ३ | १६० | ३ |
| ६ | स्वच्छ पानी र सरसफाइ | २८३ | ९ | ३७४ | ९ | ४८२ | ९ |
| ७ | आधुनिक ऊर्जामा पहुँच | ९४ | ३ | १२५ | ३ | १६० | ३ |
| ८ | समावेशि आर्थिक वृद्धि र मर्यादित काम | १५७ | ५ | २०८ | ५ | २६८ | ५ |
| ९ | उद्योग नविन खोज र पूर्वाधार | ४७१ | १५ | ६२२ | १५ | ८०३ | १५ |
| १० | असमानता न्यूनीकरण | ९४ | ३ | १२५ | ३ | १६० | ३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | दिगो शहर र वस्ती | १५७ | ५ | २०८ | ५ | २६८ | ५ |
| १२ | दिगो उपभोग र उत्पादन | ३१४ | १० | ४१४ | १० | ५३५ | १० |
| १३ | जलवायु परिवर्तन अनुकूलन | १५७ | ५ | २०८ | ५ | २६८ | ५ |
| १४ | सामुन्द्रिक स्रोतको उपयोग | ० | ० | ० | ० | ० | ० |
| १५ | भूसतह स्रोतको उपयोग | ६२ | २ | ८२ | २ | १०७ | २ |
| १६ | शान्ति, न्याय र सबल संस्था | १२५ | ४ | १६५ | ४ | २१४ | ४ |
| १७ | दिगो विकासका लागि साझेदारी | ३२ | १ | ४१ | १ | ५३ | १ |
| १८ | खुल्न नसक्ने | २५१ | ८ | ३३१ | ८ | ४२८ | ८ |
| | **कुल रकम** | **३१३९** | **१००** | **४१५०** | **१००** | **५३५०** | **१००** |

## २.६.४ लैङ्गिक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

रु लाखमा

| संकेत नं | लैङ्गिक संकेत | आ व २०८०/०८१ को विनियोजन | | आ व २०८१/०८२ को प्रक्षेपण | | आ व २०८२/०८३ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| ०१ | निर्दिष्ट | १८८३ | ६० | २४९० | ६० | ३२१० | ६० |
| ०२ | सहयोगी | १०९९ | ३५ | १४५३ | ३५ | १८७३ | ३५ |
| ०३ | तटस्थ | १५७ | ५ | २०७ | ५ | २६७ | ५ |
| | **कुल रकम** | **३१३९** | **१००** | **४१५०** | **१००** | **५३५०** | **१००** |

## २.६.५ जल वायु सङ्केतको आधारमा मध्यमकालीन बजेट अनुमान तथा प्रक्षेपण

रु लाखमा

| संकेत नं | लैङ्गिक संकेत | आ व २०८०/०८१ को विनियोजन | | आ व२०८१/०८२ को प्रक्षेपण | | आ व२०८२/०८३ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| ०१ | प्रत्यक्ष | १२५५ | ४० | १६६० | ४० | २१४० | ४० |
| ०२ | अप्रत्यक्ष | १४१३ | ४५ | १८६८ | ४५ | २४०७ | ४५ |
| ०३ | तटस्थ | ४७१ | १५ | ६२२ | १५ | ८०३ | १५ |
| | **कुल रकम** | **३१३९** | **१००** | **४१५०** | **१००** | **५३५०** | **१००** |

## २.६.६ स्थानीय गौरवका आयोजनाको तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

**रू हजारमा**

| उपक्षेत्र | कार्यक्रम / आयोजना संख्या | आ व २०८०/०८१ को विनियोजन | | आ व २०८१/०८२ को प्रक्षेपण | | आ व २०८२/०८३ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| **सामाजिक विकास** | **४५** | ४७१ | १५ | ६२३ | १५ | ८०३ | १५ |
| **पूर्वाधार विकास** | **१५०** | १२५६ | ४० | १६६० | ४० | २१४० | ४० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **आर्थिक विकास** | **३३** | ७८५ | २५ | १०३७ | २५ | १३३७ | २५ |
| **वन, वातावरण तथा विपद व्यवस्थापन** | **१५** | ३४५ | ११ | ४५६ | ११ | ५८८ | ११ |
| **सुशासन** | **३३** | २८२ | ९ | ३७४ | ९ | ४८२ | ९ |
| | **कुल रकम** | **३१३९** | **१००** | **४१५०** | **१००** | **५३५०** | **१००** |

## २.६.७ विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

रु लाखमा

| विषय क्षेत्र / उपक्षेत्र | कार्यक्रम / आयोजना संख्या | आ व २०८०/०८१ को विनियोजन | | | | आ व २०८१/०८२ को प्रक्षेपण | | | | आ व २०८२/०८३ को प्रक्षेपण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था |
| सामाजिक विकास | ८ | ४७१ | २८९ | १८२ | – | ६२३ | ३०८ | ३१५ | – | ८०३ | ३२३ | ४८० | – |
| पूर्वाधार विकास | ५४ | १२५६ | ७७० | ४८५ | – | १६६० | ८२० | ८४० | – | २१४० | ८६० | १२८० | – |
| आर्थिक विकास | ५ | ७८५ | ४८१ | ३०४ | – | १०३७ | ५१३ | ५२५ | – | १३३७ | ५३८ | ८०० | – |
| वन, वातावरण तथा विपद व्यवस्थापन | ३ | ३४५ | २१२ | १३४ | – | ४५६ | २२४ | २३१ | – | ५८८ | २३५ | ३५२ | – |
| सुशासन | ११ | २८२ | १७३ | १०९ | – | ३७४ | १८५ | १८९ | – | ४८२ | १९४ | २८८ | – |
| कुल जम्मा | | ३१३९ | १९२५ | १२१४ | – | ४१५० | २०५० | २१०० | – | ५३५० | २१५० | ३२०० | – |

# परिच्छेद ३
# भौतिक पूर्वाधार क्षेत्र

## १. पृष्ठभूमि

सडक तथा पुल यस पालिकाको भौतिक पूर्वाधार तर्फको पहिलो प्राथमिकतामा पर्दछ । जिल्ला भित्रको केही आन्तरिक सडक सञ्जाल भएतापनि देशको राष्ट्रिय सडक सञ्जालसँग जोडिन नसकेको एकमात्र हुम्ला जिल्लाको पनि पश्चिम उत्तरमा पर्ने पालिका भएकोले जिल्ला सदरमुकामसम्मको यातायात पहुँचका लागि पनि स्तरीय सडकको अभाव छ । यसै गरी विद्युत एवम् वैकल्पिक उर्जा उत्पादन, सूचना तथा सञ्चार प्रविधि तथा  गाउँवस्ती तथा सहरहरुको निर्माण गर्ने पनि पालिकाको महत्वपूर्ण जिम्मेवारीमा पर्दछ ।

## २. समस्या तथा चुनौति

सडक सञ्जाल विस्तारका लागि पर्याप्त स्रोत, साधनका साथै दक्ष एवम् प्राविधिक जनशक्तिको अभाव रहनु, जटिल भू धरातलीय अवस्थाका कारण पालिकाका सबै वडा एवम् गाऊँ वस्तीहरुसम्म सडक विस्तारको कार्य कठिन हुनु, वातावरण मैत्री एवम् सुरक्षित र भरपर्दो सडक निर्माण हुन नसक्दा समग्र सडक पूर्वाधारको गुणस्तर चित्त बुझदो नहुनु समस्याका रुपमा रहेको छ । यसै गरी विद्युत तथा वैकपिक उर्जाका साथै सूचना तथा सञ्चार एवम् सुरक्षित वस्ती एवम् सहरीकरण हुन नसक्नु पनि यस पालिकाका  प्रमुख समस्याहरु हुन् ।

पालिकाका सबै वडा तथा गाऊँ वस्तीहरुसम्ममा सबै पालिकावासीहरुलाई सडक सञ्जालबाट समेटने गरी आवश्यक पर्ने ठूलो मात्राको सडक तथा पुलहरुको निर्माणका साथै विद्युतिकरण एवम् सुचना तथा सञ्चार प्रविधि सहित सुरक्षित र एकिकृत वस्तीहरुको विकास सहित सहरी करणका लागि आवश्यक लगानी जुटाउनु प्रमुख चुनौतीको रुपमा रहेको  छ । सडकलाई प्राविधिक एवम् वातावरणीय दृष्टिकोणले सुरक्षित, गुणस्तरीय र भरपर्दो तुल्याउनु, विस्तृत अध्ययन र सम्भाव्यताका आधारमा प्रामिकताका साथ सडक निर्माण गर्नु, दक्ष जनशक्ति तथा सक्षम र भरपर्दो निर्माण व्यवसायीको छनौट गर्नु, सडक तथा पुल निर्माणका लागि आवश्यक गुणस्तरीय निर्माण सामाग्रीहरुको उपलव्धता प्रमुख चुनौतीहरु हुन् ।

## ३. लक्ष्य

### ३.१ सडक तथा पुल तर्फको लक्ष्य

पालिका भित्र सडक तथा पुल निर्माण गरी विकासको आधार खडा गर्ने ।

### ३.२ विद्युत तथा वैकल्पिक ऊर्जा तर्फको लक्ष्य

पालिका भित्रै पर्याप्तविद्युतको उत्पादन गरी तीव्र आर्थिक विकास गर्ने ।

### ३.३ सूचना तथा सञ्चार प्रविधि तर्फको लक्ष्य

डिजिटल पालिका बनाउने ।

### ३.४ गाउँ बस्ती तथा सहरहरुको विकासतर्फको लक्ष्य

पालिकामा सुरक्षित एवम् एकिकृत बस्ती विकास तथा आधुनिक सुविधा सम्पन्न सहरीकरण गर्ने ।

## ४. उद्‌देश्य

### ४.१ सडक तथा पुल तर्फको उद्देश्य

१) पालिकाका नागरिकहरुको सडक यातायात सेवामा पहुँच अभिवृद्धि गर्नु ।

२) पालिकाको आपूर्ति व्यवस्थालाई सहज बनाउनु तथा स्थानीय उत्पादनहरुलाई बजार उपलव्ध गराउनु ।

३) सडक तथा पुल विस्तारको माध्यमबाट पालिकाको समग्र विकासलाई अभिवृध्दि गर्नु।

### ४.२ विद्युत तथा वैकल्पिक ऊर्जा तर्फको उद्देश्य

१) विद्युतको उत्पादन र वितरणबाट पालिकाका नागरिकहरुको विद्युतमा पहुँच विस्तार गर्नु ।

२) विद्युतको उत्पादनद्धारा कृषि, उद्योग र यातायात सेवा सहित समस्त आर्थिक क्षेत्रको विकासमा योगदान गर्नु ।

### ४.३ सूचना तथा सञ्चार प्रविधि तर्फको उद्देश्य

१) सूचना तथा सञ्चार प्रविधिको पहुँच र उपयोग विस्तार गर्नु।

२) सूचना तथा सञ्चार प्रविधिको उपयोग गरी प्रवाह हुने सेवालाई सुलभ, भरपर्दो र गुणस्तरिय बनाउनु।

### ४.४ गाउँ बस्ती तथा सहरहरुको विकास तर्फको उद्देश्य

१) सुरक्षित आवास र पर्याप्त सेवा सुविधा सहितको एकीकृत वस्ती विकास गर्नु ।

२) संभावित स्थानहरुमा आधुनिक सहर निर्माण गर्नु ।

## ५. रणनीति

### ५.१ सडक तथा पुल तर्फको रणनीति

क) पालिकाका सबै वडाहरु तथा सबै गाऊँहरुलाई पालिकाको केन्द्रसँग जोडने गरी तथा जिल्ला सदरमुकाम एवम् प्रदेशको राजधानीसम्म पक्की सडक तथा पुलको निर्माण गरी आन्तरिक तथा बाह्य आवद्धता विस्तार गरिनेछ ।

ख) पालिकाको समग्र आर्थिक सामाजिक विकास र रणनीतिक महत्व राख्ने सडक तथा पुललाई प्राथमितामा राखि विशेष महत्वका साथ शिघ्र निर्माण गर्ने व्यवस्था गरिनेछ ।

ग) उत्तर तर्फको छिमेकी मुलुक चीन एवम् यस पालिकासँग सीमा जोडिएका अन्य पालिका तथा अन्य प्रदेश समेतलाई जोडने गरी सडक नयाँ पुल निर्माणमा जोडदिइनेछ।

घ) आयोजना बैंकको स्थापना गरी सो वमोजिम पालिकाको आन्तरिक स्रोतबाट निर्माण सम्भव देखिएका सडक तथा पुल निर्माण कार्य तत्कालै प्रारम्भ गरिनेछ तथा प्रदेश सरकार तथा नेपाल सरकारबाट निर्माण हुने सडक तथा पुल शिघ्र निर्माणका लागि जोड दिइनेछ ।

ङ) सडक निर्माण कार्य प्रारम्भ हुनु अघि नै जग्गा अधिग्रहण सडक क्षेत्राधिकार, रेखाँकन, वनक्षेत्र प्रयोगको स्वीकृती जस्ता पूर्व तयारीका कार्यहरुको विस्तृत कार्य योजना तयार गरी मात्र सडक निर्माण आयोजना कार्यान्वयन प्रारम्भ गर्ने व्यवस्था गरिनेछ ।

## ५.२ विद्युत तथा वैकल्पिक ऊर्जा तर्फको रणनीति

क) जलविद्युत आयोजनाहरूका लागि आवश्यक पर्ने नीति, नियमहरूको तर्जुमा गरिनेछ ।

ख) संभाव्य आयोजनाहरु प्राथमिकताका आधारमा कार्यान्वयन गरिनेछ ।

ग) साना जल विद्युत आयोजनाहरु पालिका आफैले निर्माण गर्ने कार्यको थालनी गरिनेछ ।

घ) जल विद्युत आयोजनाहरुमा लगानी जुटाउनका लागि पहल गरिनेछ ।

घ) जल विधुतको सुविधाको हकमा बैकल्पिक सामाधानका लागि बैकल्पिक सौर्य उर्जाको विकास र विस्तार गरिने छ ।

## ५.३ सूचना तथा सञ्चार प्रविधि तर्फको रणनीति

क) पालिकामा सूचना तथा सञ्चार क्षेत्रको पहुँच विस्तारका लागि आवश्यक पर्ने पूर्वाधारहरुको विकास गरिनेछ ।

ख) सबै वडाहरु तथा सबै गाँउबस्तीहरुलाई सूचना तथा सञ्चार सञ्जालमा आवद्ध गरिनेछ ।

## ५.४ गाउँ बस्ती तथा शहरहरुको विकास तर्फको रणनीति

क) अहिले रहेका गाउँहरुको आधुनिकीकरणका लागि विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

ख) छरिएर रहेका तथा जोखिममा रहेका ग्रामिण बस्तीहरूलाई सेवा सुविधा सहितको एकीकृत बस्तीहरुको विकास गरी स्थानान्तरण गरिनेछन्

ग) हिल्सा याल्वाङ तुम्लिङ र लेकधिगामा सम्भावित स्थानलाई उच्च हिमाली नमूना शहरका रुपमा विकास र विस्तार गरिने छ ।

## ६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

### ६.१ सडक, पुल तथा यातायात

| सूचक | एकाई | गत आ व २०७८/०७९ को उपलब्धि | चालु आ व २०७९/०८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | आ व २०८०/०८१ | आ व २०८१/०८२ | आ व २०८२/०८३ |
| ३० मिनेटको दुरीमा यातायात पहुँच पुगेको परिवार | प्रतिशत | २३ | २५ | ३५ | ५० | ७० |
| स्थानीय उत्पादनको निर्यात वृद्धि | रकम (अनुमानित) | २५ करोड | २८ करोड | ३० करोड | ३५ करोड | ४० करोड |
| सडक यातायातले जोडिएको गाँऊ | संख्या | १५ | १६ | १९ | २२ | २४ |
| कुल सडक निर्माण | कि मि | ३१३ | ३५२ | ३६० | ३७० | ३८० |
| सडक पुल निर्माण | संख्या | २ | ३ | ४ | ५ | १ |

### ६.२ विद्युत तथा बैकल्पिक ऊर्जा

| सूचक | एकाई | गत आ व २०७८/०७९ को उपलब्धि | चालु आ व २०७९/०८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | आ व २०८०/०८१ | आ व २०८१/०८२ | आ व २०८२/०८३ |
| विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ८८ | ८९ | ९० | ९१ | ९२ |
| जल विद्युत उत्पादन | कि वा | ३१५ | - | सोच | शुरु | निर्माण |
| खाना पकाउन परम्परागत इन्धन प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ८५ | ८५ | ८० | ७६ | ७३ |

| सूचक | एकाई | गत आ व २०७८/०७९ को उपलब्धि | चालु आ व २०७९/०८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | आ व २०८०/०८१ | आ व २०८१/०८२ | आ व २०८२/०८३ |
| खाना पकाउन स्वच्छ इन्धन तथा प्रविधि प्रयोग गर्ने घरपरिवार | प्रतिशत | १५ | १७ | २५ | ३५ | ५० |
| लघु जल विद्युतका आयोजना | संख्या | ८८ | ८९ | ९० | ९१ | ९२ |
| वैकल्पिक ऊर्जा प्रयोग गर्ने घर परिवार | प्रतिशत | ३१५ | - | १५ | ३५ | ५० |

## ६.३ सूचना तथा सञ्चार प्रविधि

| सूचक | एकाई | गत आ व २०७८/०७९ को उपलब्धि | चालु आ व २०७९/०८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | आ व २०८०/०८१ | आ व २०८१/०८२ | आ व २०८२/०८३ |
| टेलिफोन (सबै प्रकारका) घनत्व | प्रतिशत | ६० | ७० | ८० | ९० | ९५ |
| इण्टरनेटप्रयोगकर्ता | प्रतिशत | ४० | ४५ | ५० | ५५ | ६० |
| रेडियोमा पहुँच प्राप्त जनसंख्या | प्रतिशत | १० | १५ | २० | ३० | ४० |
| टेलिभिजनमा पहुँच प्राप्त घर परिवार | प्रतिशत | ४५ | ५० | ५५ | ६० | ६५ |

## ६.४ गाउँ, वस्ती तथा सहरहरुको विकास

| सूचक | एकाई | गत आ व २०७८/०७९ को उपलब्धि | चालु आ व २०७९/०८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | आ व २०८०/०८१ | आ व २०८१/०८२ | आ व २०८२/०८३ |
| सहरी क्षेत्रमा बसोवास गर्ने जनसंख्या | प्रतिशत | ३० | ३० | ३३ | ३६ | ४० |
| आफ्नै स्वामित्वको आवासमा वसोवास गर्ने परिवार | प्रतिशत | ९४.४ | ९४.५ | ९४.८ | ९५ | ९५.५ |
| फुसको छाना भएको घरमा बसोवास गर्ने परिवार | प्रतिशत | ० | ० | ० | ० | ० |
| सुरक्षित बस्तीमा बसोवास गर्ने जनसंख्या | प्रतिशत | ३३ | ३७ | ४३ | ४७ | ५५ |
| एकिकृत वस्तीको निर्माण | संख्या | - | - | १ | २ | ३ |

## ७. भौतिक पूर्वाधार विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान

रु लाखमा

| आ व | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्थापन | आन्तरिक | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/०८१ | १२५६ | ७७० | ४८५ | ० | ० | १०५५ | १२६ | ७५ |
| २०८१/०८२ | १६६० | ८२० | ८४० | ० | ० | १३९४ | १६६ | १०० |
| २०८२/०८३ | २१४० | ८६० | १२४८ | ० | ० | १७९८ | २१४ | १२८ |

## कार्यक्रम /आयोजनाको संक्षिप्त विवरण

| क्र सं | सम्पन्न भएका आयोजनाहरु | कैफियत |
|---|---|---|
| १ | ह्याक्पा खोला, लेकधिगा सेजी लिमी लाप्चा सडक | |
| २ | ह्याक्पा खोलादेखि ह्याक्पा गाउँ सडक | |
| ३ | ह्याक्पादेखि तांगिन सडक | |
| ४ | तार्कुखोलादेखि गारपारी सडक | |

| क्र सं | सम्पन्न भएका आयोजनाहरु | कैफियत |
| --- | --- | --- |
| ५ | थर्पुदेखि खगालगाउँ गुम्बा सडक | |
| ६ | च्याछरा—च्यादुक सडक | |
| ७ | केर्मी लिङ्क सडक | |
| ८ | सल्लीदेखि नावलथाङ सडक | |
| ९ | सल्ली—चाला सडक | |
| १० | याल्वाङ—याङ्गार सडक | |
| ११ | तुम्कोट—मुचु सडक | |
| १२ | यारी जिङ—च्यागोइ गुम्बा—लंगोइ न्याम ह्याङ्सी सडक | |
| १३ | हिल्सा—किट सडक | |
| १४ | हिल्सा—तिल—हल्जी—जांग सडक | |
| १५ | हेप्का खोला, तार्कुखोला, सल्लीखोला, याङ्गार खोला सडक पुल | |
| १६ | कर्णाली नदीमा खगालगाउँ सडक पुल | |
| १७ | सल्ली—चाला, तार्कु खोला, घाँस खोला, नङ खोला, टाक्ची खोला, गेउ खोला, तिल खोला, हल्जी खोलामा सडक पुल | |
| १८ | एकिकृत वस्तीको निर्माण | |
| १९ | विधुतीकरण कार्यक्रम | |

## १. जोखिम तथा अनुमान पक्ष

भौतिक पूर्वाधारहरुको निर्माणका बखत आवश्यक पर्ने निर्माण उपकरण तथा निर्माण सामाग्रीहरुको अभावको समस्या पर्न सक्छ । यस्तै स्थानीय स्तरमा निर्माण हुने अपेक्षित रुपमा कम लागतका सडक, पुल लगायतका अन्य स्थानीय आवश्यकता अनुसारका भौतिक पूर्वाधारहरुको निर्माणका लागि अनुभवि र दक्ष निर्माण व्यवसायीको अभाव पनि हुन सक्नेछ । उच्च पहाडी तथा हिमाली भूभाग भएको पालिका भएकोले भौतिक पूर्वाधारहरुको निर्माणका क्रममा भूक्षयका कारण प्राकृतिक विपत्तिको सामना गर्न पर्ने जोखिम पनि रहेकोछ ।

परिच्छेद ४

# सामाजिक क्षेत्र

## १. पृष्ठभूमि

स्वास्थ्य, शिक्षा, खानेपानी तथा लक्षितवर्ग सम्वन्धी सामाजिक क्षेत्रका प्राथमिक आवश्यकताहरु संघ, प्रदेश र स्थानीय तहको साझा जिम्मेबारी भित्रका विषयहरु हुन् । स्थानीयस्तर मै नागरिकहरुलाई आधुनिक स्वास्थ्य सेवाका साथै गुणस्तरीय शिक्षा उपलव्ध हुने व्यवस्था गर्ने पालिकाको महत्वपूर्ण दायित्व हो भने पोषणयुक्त खाना र निःशुल्क स्वास्थ्य सम्वन्धमा पनि पालिकामा रहेका सयस्याहरुका निराकरणका लागि पनि जागरुकताका साथै यथेष्ठ कार्यक्रमहरुको आवश्यकता रहेको छ । उपलब्धस्रोत र साधनहरुको प्राथमिकताका आधारमा उचित सदुउपयोग हुने गरी स्थानीय नागरिकहरुको सामाजिक सेवाका क्षेत्रमा पहुँच बृद्धी गर्न नेपाल सरकार तथा कर्णाली प्रदेश सरकार समेतसँगको सहकार्यमा आवश्यक थप कार्यक्रमहरु सञ्चालन गर्नका लागि पालिकाको प्रयास जारी रहने छ ।साथै स्वच्छ खानेपानीको उपुक्त व्यवस्था र लक्षित वर्गहरु आवश्यकतामा आधारित रहेर विभिन्न लक्षित वर्गमत्री कार्यक्रम संचालन गरिने छ ।

## २. समस्या तथा चुनौति

सामाजिक क्षेत्रका सेवाहरु सर्बसुलभ एवम् गुणस्तरीय रुपमा प्रवाह गर्नका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार एवम् दक्ष जन शक्तिको अभाव, पालिकामा सामाजिक क्षेत्रका सेवाहरको आधुनिकिकरण गर्नका लागि आवश्यक प्रवन्ध मिलाउन नेपाल सरकारका साथै प्रदेश सरकारबाट पनि पर्याप्त सहयोग प्राप्त हुन नसक्नु, नागरिक सचेतनाको अभाव, सामाजिक कुरीती, गलत अभ्यासहरु, अशिक्षा र गरिवी लगायतका कारणहरु यस पालिकाका सामाजिक क्षेत्रका प्रमुख समस्याको रुपमा रहेकाछन् । यस्तै पालिकामा बालबालिकाहरुमा कुपोषण दर, मातृ तथा नवजात शिशु मृत्युदर र पाँच वर्ष मुनिका बालबालिकाको मृत्युदर तुलनात्मकरूपमा उच्च हुनु र गुणस्तरीय शिक्षाका साथै उच्च शिक्षाका अवसरहरुको कमि हुनुपनि समस्याका रुपमा रहेका छन् ।
भौगोलिक विकटताका साथै बिपन्नताका वीच सुलभ र गुणस्तरीय सामाजिक सेवाहरु प्रवाह र पहुँच बढाउनका लागि भौतिक संरचना र जनशक्तिको प्रयाप्त व्यवस्था गर्नु, गुणस्तरीय आधारभूत सेवा निशुल्क रुपमा उपलब्ध गराउनु प्रमुख चुनौतीका रुपमा रहेका छन्।

## ३. लक्ष्य

### ३.१ स्वास्थ्य तथा पोषण तर्फको लक्ष्य

पालिकामा गुणस्तरिय स्वास्थ्य सेवाको सुलभ पहुँच वृद्धि गर्ने र पोषणका क्षेत्रमा सुधार ल्याउने ।

### ३.२ शिक्षा तर्फको लक्ष्य

शिक्षामा पहुँचका साथै गुणस्तर अभिवृद्धि गरी जीवनोपयोगि बनाउने ।

### ३.३ खानेपानी तथा सरसफाइ तर्फको लक्ष्य

पालिकाका सबै नागरिकहरुलाई स्वच्छ र सर्वसुलभ खानेपानी तथा सरसफाइ सेवा उपलव्ध गराउने ।

### ३.४ महिला, बालबालिका तथा लक्षित वर्ग तर्फको लक्ष्य

लैङ्गिक विभेद, हिंसा र शोषणको अन्त्य गरी महिला, बालबालिका, ज्येष्ठ नागरिकएवम् अपाङ्गगता भएका व्यक्तिहरुको हितसुनिश्चित गर्ने ।

### ३.५ युवा तथा खेलकुद तर्फको लक्ष्य

पालिकाका युवाहरुलाई सबै क्षेत्रमा सक्षम र आत्मनिर्भर बनाउने ।

## ४. उद्देश्य

### ४.१ स्वास्थ्य तथा पोषण तर्फको उद्देश्य

१) पालिकाका नागरिकहरूको गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच बढाउनु ।

२ ) कुपोषणको समस्याको निराकरण गर्नु ।

### ४.२ शिक्षा तर्फको उद्देश्य

१) आधारभूत तथा माध्यमिक तहको शिक्षामा सबै बालबालिकाहरूको पहुँच सुनिश्चित गर्नु।

२) पालिका मै उच्च शिक्षाको अबसर उपलव्ध गराउनु ।

३) शिक्षालाई सीपमूलक र जीवनोपयोगी बनाउनु ।

### ४.३ खानेपानी तथा सरसफाइ तर्फको उद्देश्य

१) दिगो र भरपर्दो आधारभूत स्तरको खानेपानी सेवा तत्काल उपल्ध गराई यो सेवालाई उच्च/मध्यमस्तरको बनाउनु ।

२) फोहोरहरूको व्यवस्थापन तथा ढल निकासको उचित प्रवन्ध गर्नु ।

### ४.४ महिला, बालबालिका तथा लक्षित वर्ग तर्फको उद्देश्य

१) महिला, बालबालिका, ज्येष्ठ नागरिकएवम् अपाङ्गगता भएका व्यक्तिहरुको आर्थिक, सामाजिक र राजनीतिक सशक्तीकरणका लागि कार्यक्रम सञ्चालन गर्नु ।

### ४.५ युवा तथा खेलकुद तर्फको उद्देश्य

१) युवाहरुको क्षमताको विकास गर्दै पालिकाको आर्थिक सामाजिक विकासमा युवा सहभागिता अभिवृद्धि गर्नु ,

२) युवाहरुलाई खेलकुदका क्षेत्रमा सर्वोत्कृष्ट प्रदर्शन गर्न सक्षम बनाउनु,

## ५. रणनीति

### ५.१ स्वास्थ्य तथा पोषण तर्फको रणनीति

क) आधारभूत स्वास्थ्य सेवाको सहज पहुँचको लागि ग्रामिण आधारभूत स्वास्थ्य केन्द्र, प्रसुती केन्द्र लगायतका स्वास्थ्य संस्था मार्फत पालिकाका प्रत्येक वडा स्तरसम्म विस्तार गरिनेछ ।

ख) संघ र प्रदेश सरकारसँगको समन्वय र सहयोगमा पालिकामा १५ शैयाको अस्पताल स्थापना गरिनेछ।

ग) स्वास्थ्य चौकीहरुमा निःशुल्क पाइने औषधिको प्रकार र संख्यामा क्रमशः वृद्धि गरिनेछ ।

घ) सामाजिक सुरक्षा, स्वास्थ्य बीमाको प्रवर्द्धन तथा विस्तार गरी स्वास्थ्य सेवामा विपन्न वर्गको पहुँच अभिवृद्धि गरिनेछ ।

ङ) संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा विशेष सेवासहितको घुम्ती स्वास्थ्य शिविर, आउटरिच क्लिनिक, टेलिमेडिसिन जस्ता सेवाहरूलाई पालिकामा पनि उपलव्ध हुने व्यवस्था गरिनेछ ।

च) संघ तथा प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा पालिकाका सबै स्वास्थ्य संस्थामा दक्ष स्वास्थ्य जनशक्ति उपलव्ध हुने व्यवस्था गरिनेछ ।

छ) जेष्ठ नागरिक स्वास्थ्य कार्यक्रम, विद्यालय मानसिक स्वास्थ्य कार्यक्रम तथा विद्यालय नर्स कार्यक्रमलाई पालिकामा पनि विस्तार गरिनेछ ।

ज) पालिकाका विद्यालयहरूमा स्वास्थ्य सम्बन्धी प्रबर्द्धनात्मक र प्रतिरोधात्मक कार्यक्रमहरूलाई विस्तार गरिनेछ ।

झ) पालिकामा स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली स्थापना गरिनेछ ।

### ५.२ शिक्षा तर्फको लक्ष्य रणनीति

क) सबै वडाहरुमा नमूना बालविकास केन्द्रहरू स्थापना गरिनेछन्।

ख) माध्यमिक तह सम्मको शिक्षामा सवै बालबालिकाहरूको सहज पहुँच पुऱ्याउन आवश्यक विद्यालयको स्थापना गरिनेछ।

ग) विद्यार्थी भर्ना अभियान सबै वडाहरुमा सञ्चालन गरिनेछ ।

घ) विद्यालय छाड्ने दर घटाउन विपन्न वर्गका बालबालिकाहरूलाई विशेष किसिमका प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

ङ) परम्परागत तथा धार्मिक प्रकृतिका विद्यालयहरुलाई आवश्यक संरक्षण, सहयोग र प्रोत्साहन गरिनेछ।

च) विद्यालयको समग्र शैक्षिक सुधारका लागि सबै शिक्षकहरुको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

छ) विद्यालयहरुको भौतिक पुर्वाधार सुधारका कार्यक्रमहरू तय गरिनेछन्।

ज) जीवनोपयोगी सीपलाई विद्यालय शिक्षामा एकीकृत गरी समावेश गरिनेछ।

झ) शैक्षिक व्यवस्थापन, शिक्षण सिकाइ परीक्षा र मूल्याङ्कनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगको समुचित प्रवन्ध गरिनेछ ।

ञ) शिक्षालाई अनुभव र व्यवहार सँग जोडेर लैजान विद्यालय तह देखि नै अनुसन्धान र प्रयोगात्मक शिक्षामा जोड दिइनेछ।

### ५.३ खानेपानी तथा सरसफाइ तर्फको रणनीति

क) सवै गाउँ बस्तीहरुमा आधारभूत स्तरको खानेपानी सुविधा उपलव्ध गराइनेछ ।

ख) खानेपानी सेवा विस्तारका लागि नयाँ प्रविधिको उपयोग गरिनेछ ।

ग) सञ्चालित आयोजनाहरू दिगो र भरपर्दोबनाउन उपभोक्ता समुहहरूलाई परिचालन गरिनेछ ।

घ) खानेपानी तथा सरसफाइ सेवाको पहुँच बाहिर रहेको जनसंख्या पहिचान गरी प्राथमिकताका साथ कार्यक्रम संचालन गरिनेछ।

ङ) स्वच्छ खानेपानी परिक्षणका लागि ल्याप स्थापना गर्ने ।

च) दिगो खानेपानी उपयोगका लागि हरेक स्थानमा खानेपानी मर्मत कोषको व्यवस्था गरिने छ ।

## ५.४ महिला, बालबालिका तथा लक्षित वर्ग तर्फको रणनीति

क) महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण तथा बिभेद् र बहिष्करणको रोकथाम एवम् नियन्त्रणका लागि सचेतना सम्वन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

ख) पालिकामा महिला हकहित र अधिकार सम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्यांकन गरिनेछ ।

ग) बाल विवाह, बहुविवाह र लैङ्गिक तथा घरेलु हिंसाका कारण पर्नजाने सामाजिक, आर्थिक तथा स्वास्थ्य एवम् व्यक्तित्व विकास सम्वन्धी नकारात्मक असर र कानुनी प्रावधान वारे सामाजिक जागरण अभियान सञ्चालन गरिनेछ ।

घ) लैङ्गिक उत्तरदायी बजेट विनियोजन प्रणालीलाई संस्थागत गरिनेछ ।

ङ) बालमैत्री गाउँपालिका घोषणा गर्ने र सोका लागि विभिन्न सूचकहरु पार गर्न विभिन्न कार्यक्रम गरिने छ ।

## ५.५ युवा तथा खेलकुद तर्फको रणनीति

क) युवाहरुका लागि प्राविधिक शिक्षाका साथै क्षमता विकासका कार्यक्रम सञ्चालन गरी उद्यमशीलता अभिवृद्धि गरिनेछ ।

ख) उत्कृष्ठ कार्य गरी योगदान दिने युवाहरुलाई उचित प्रोत्साहनको व्यवस्था गरिनेछ ।

ग) पालिकाभित्र नै पर्याप्त स्वरोजगारीका अवसरहरु सिर्जना गरी युवा वेरोजगारका समस्याहरुलाई क्रमिक रुपमा समाधान गरिनेछ ।

घ) परम्परागत पेशालाई प्रर्वद्धन र आधुनिकीकरण गर्दै त्यस क्षेत्रमा संलग्न युवालाई प्रोत्साहन र सम्मान गर्ने कार्यक्रम संचालन गरिनेछ ।

ङ) युवाहरूलाई सामुदायिक विकासका कार्यहरूमा सहभागी गराइनेछ ।

च) गाउँपालिकाको खेलकूद क्षेत्रको विकासका लागि खेलकूद सामाग्रीको परिपूर्ति गर्ने र विभिन्न समयमा खेलकूद प्रतियोगिताको आयोजना गरी खेलकूदको विकास गरिने छ ।

छ) गाउँपालिकाको विभिन्न स्थानमा खेलकूद सम्बन्धी भौतिक पूर्वाधारको विकास गरिने छ ।

## ६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

### ६.१ स्वास्थ्यतथा पोषण

| सूचक | एकाई | गत आ व २०७८/०७९ को उपलब्धि | चालु आ व २०७९/०८० को अनुमानित उपलब्धि | मघ्मकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | आ व २०८०/०८१ | आ व २०८१/०८२ | आ व २०८२/०८३ |
| बाल मृत्यु दर ५ वर्षमुनिका(प्रतिहजार जीवित जन्ममा) | जना | - | ० | ० | ० | ० |
| ५ वर्षमुनिका कम तौल भएका बालबालिका | प्रतिशत | - | ० | ० | ० | ० |
| ३० मिनेटको दूरीमा स्वास्थ्य सेवामा पहुँच भएको परिवार | प्रतिशत | २१ | ४० | ३० | ६० | १०० |
| स्वास्थ्य बीमामा आवद्ध जनसंख्या | प्रतिशत | - | ४० | ० | ६० | १०० |
| नवजात शिशु मृत्यु दर (प्रतिहजार जीवित जन्ममा) | जना | - | ० | ० | ० | ० |
| स्वास्थ्य संस्था मार्फत प्रसुति सेवा लिने महिला | प्रतिशत | – | २९ | ५० | ६० | ८२.५ |
| दक्ष स्वास्थ्यकर्मीको उपस्थितिमा सुत्केरी भएका महिला | प्रतिशत | – | ७.२ | २० | ४०.८ | ५० |
| प्रोटोकल अनुसार चार पटकसम्म गर्भवती जाँच गराउने महिला | प्रतिशत | – | १७.४ | २५ | ३० | ४५ |
| प्रोटोकल अनुसार आमा बच्चाको जन्मपछि तीन पटक सेवा प्राप्त गर्ने महिला | प्रतिशत | – | २३ | ३२.२ | ३७.३ | ४३.२ |

| सूचक | एकाई | गत आ व २०७८/०७९ को उपलब्धि | चालु आ व २०७९/०८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | आ व २०८०/०८१ | आ व २०८१/०८२ | आ व २०८२/०८३ |
| भिटामिन ए प्राप्त गर्ने गर्भवती महिला | प्रतिशत | - | १०० | १०० | १०० | १०० |
| तोकिए वमोजिमका सबै खोप प्राप्त गर्ने बालबालिका | प्रतिशत | - | ९४.४ | ९९.० | १०० | १०० |
| प्राथमिक उपचार केन्द्र | संख्या | — | ० | १ | २ | ३ |
| स्वास्थ्य चौकि | संख्या | — | ४ | ४ | ४ | ५ |
| अस्पताल | संख्या | ० | — | — | — | १ |
| प्रसुती केन्द्र | संख्या | — | ६ | ६ | ६ | ६ |

## ६.२ शिक्षा

| सूचक | एकाई | गत आ व २०७८/०७९ को उपलब्धि | चालु आ व २०७९/०८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | आ व २०८०/०८१ | आ व २०८१/०८२ | आ व २०८२/०८३ |
| साक्षरता दर | प्रतिशत | - | ७१.० | ७६.४ | ८२.१ | ८८.३ |
| युवा साक्षरता दर (१५-२४ वर्ष ) | प्रतिशत | ८२ | ६५.१ | ९५.१ | ९७.८ | ९९.० |
| बाल विकास केन्द्रको भर्ना दर | प्रतिशत | ९२ | ९५ | ९८ | ९९ | १०० |
| आधारभूत तह (१-८ )मा खुद भर्ना दर | प्रतिशत | ९८ | ९८.३ | ९८.५ | ९८.६ | ९८.८ |
| माध्यमिक तह (९-१२ )मा खुद भर्ना दर | प्रतिशत | ६० | ६०.५ | ६१.६ | ६२.७ | ६३.८ |
| आधारभूत तह (१-८) मा कक्षा छाड्ने दर | प्रतिशत | ४.५ | २.९ | १.९ | १.२ | ०.८ |
| माध्यमिक तह (९-१२) मा कक्षा छाड्ने दर | प्रतिशत | २७ | २० | १५ | १० | ५ |
| आधारभूत विद्यालय | संख्या | १६ | १७ | १८ | २० | २२ |
| माध्यमिक विद्यालय | संख्या | १ | १ | १ | २ | ३ |

| सूचक | एकाई | गत आ व २०७८/०७९ को उपलब्धि | चालु आ व २०७९/०८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | आ व २०८०/०८१ | आ व २०८१/०८२ | आ व २०८२/०८३ |
| शिक्षक विद्यार्थी अनुपात आधारभूत तह (१–८) | अनुपात | २७ | २६ | २५ | २४ | २३ |

## ६.३ खानेपानी तथा सरसफाइ

| सूचक | एकाई | गत आ व २०७८/०७९ को उपलब्धि | चालु आ व २०७९/०८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | आ व २०८०/०८१ | आ व २०८१/०८२ | आ व २०८२/०८३ |
| आधारभूत खानेपानी सुविधा पुगेको परिवार | प्रतिशत | ८९ | ९० | ९१ | ९२ | ९३ |
| सुधारिएको सरसफाइ सुविधा प्राप्त गर्ने परिवार | प्रतिशत | – | ६५ | ६७ | ७० | ७२ |

## ६.४ महिला, बालबालिका तथा लक्षित वर्ग

| सूचक | एकाई | गत आ व २०७८/०७९ को उपलब्धि | चालु आ व २०७९/०८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | आ व २०८०/०८१ | आ व २०८१/०८२ | आ व २०८२/०८३ |
| महिला साक्षरता दर | प्रतिशत | – | ६० | ६७ | ७५ | ८५ |
| बाल हिंसाका घटना | संख्या | ० | ० | ० | ० | ० |
| बाल विवाह NMICS | प्रतिशत | ० | ० | ० | ० | ० |
| बाल श्रम | संख्या | ० | ० | ० | ० | ० |
| किशोरकिशोरी हिंसा | संख्या | ० | ० | ० | ० | ० |
| लागु पदार्थ दुर्व्यसनी भएका किशोरकिशोरी | संख्या | ० | ० | ० | ० | ० |
| जेष्ठ नागरिक लक्षित कार्यक्रम | संख्या | १ | १ | १ | १ | १ |
| अपाङ्गता भएका व्यक्ति लक्षित कार्यक्रम | संख्या | १ | १ | १ | १ | १ |

### ६.५ युवा तथा खेलकुद

| सूचक | एकाई | गत आ व २०७८/०७९ को उपलब्धि | चालु आ व २०७९/०८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | आ व २०८०/०८१ | आ व २०८१/०८२ | आ व २०८२/०८३ |
| युवा अर्ध–बेरोजगारी दर | प्रतिशत | ५० | ५० | ४५ | ४० | ३५ |
| युवा साक्षरता दर | प्रतिशत | ९२ | ९३ | ९४ | ९५ | ९७ |
| स्वरोजगार कर्जा प्राप्त गरी व्यसाय सञ्चालन गर्ने युवा | संख्या | ७६ | १०० | १५० | २०० | २५० |
| खेल प्रतियोगिता | संख्या | १ | २ | १ | १ | १ |
| खेल प्रशिक्षक भएको विद्यालय | संख्या | १ | १ | १० | १३ | १५ |

## ७. सामाजिक विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान रु लाखमा

| आ व | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्थापन | आन्तरिक | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/०८१ | ४७१ | २८९ | १८२ | ० | ० | ३९६ | ४७ | ० |
| २०८१/०८२ | ६२३ | ३०८ | ३१५ | ० | ० | ५२४ | ६२ | ० |
| २०८२/०८३ | ८०३ | ३२३ | ४८० | ० | ० | ६७५ | ८० | ३०० |

## ८. कार्यक्रम /आयोजनाको संक्षिप्त विवरण

| क सं | कार्यक्रम /आयोजना | उद्देश्य | अवधि – शुरु समाप्ति | कुल लागत | पुष्ट्याई | आगामी ३ वर्षको उपलव्धी सूचक |
|---|---|---|---|---|---|---|
| | विद्यालय नर्श कार्यक्रम | | | | | |
| | बहु क्षेत्रीय पोषण कार्यक्रम | | | | | |
| | मातृभाषा पाठ्यक्रम निर्माण | | | | | |
| | आवासीय विद्यालय निर्माण | | | | | |
| | प्राविधिक शिक्षालय स्थापना तथा सञ्चालन | | | | | |
| | याल्वाङ ढल निकास | | | | | |
| | मानव वस्तीका फोहोरहरुको व्यवस्थापन | | | | | |
| | नारी सचेतना कार्यक्रम | | | | | |
| | वालवालिकामा लगानी कार्यक्रम | | | | | |

| क्र सं | कार्यक्रम /आयोजना | उद्देश्य | अवधि – शुरु समाप्ति | कुल लागत | पुष्ट्याई | आगामी ३ वर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|---|
| | ज्येष्ठ नागरिक सम्मान र सुरक्षा कार्यक्रम | | | | | |
| | बाल क्लवहरु स्थापना | | | | | |
| | युवालाई प्रोत्साहन र सम्मान | | | | | |
| | लेकधिगा हाइअल्टिच्युट खेल मैदान निर्माण | | | | | |
| | युवा उद्यमशीलता तथा स्वरोजगार कार्यक्रम | | | | | |

## ९. जोखिम तथा अनुमान पक्ष

निशुल्क गुणस्तरीय स्वास्थ्य, शिक्षा जस्ता सामाजिक सेवा उपलव्ध गराउन आवश्यक पर्ने ठूलो मात्राको लगानीको अभावको समस्या पर्न सक्ने देखिन्छ । यस्तै समय समयमा देखापर्ने संक्रामक रोगहरुको निदान तथा विपत्तिको व्यवस्थापन गर्न पालिका एक्लैको सामर्थले नभ्याउने जोखिम पनि रहेको छ ।

परिच्छेद ५

# आर्थिक क्षेत्र

## १. पृष्ठभूमि

पालिकाको आर्थिक समृद्धिको प्रमुख आधारहरु पर्यटन, कृषि तथा पशुपन्छी पालन र उद्योग व्यवसायहरुको विस्तार हुन् । उच्च पहाडी तथा हिमाली भूभागमा पर्ने नेपालकै सबै भन्दा ठूलो क्षेत्रफल भएको पालिका भएको तथा हिन्दूहरुको प्रमुख धार्मिकस्थल कैलास मानसरोवर जाने प्रमुख नाका समेत भएकोले यहाँ पर्यटन एवम् विशेष खालका प्राङ्गारिक कृषि उत्पादन एवम् पशुपन्छी पालन तथा आयात र निर्यातको प्रचुर संभावनाहरु रहेका छन् । पालिकाको निर्वाहमूखीकृषि उत्पादन तथा पशुपन्छी पालनलाई व्यवसायिक तथा प्रतिस्पर्धी बनाउन संघ तथा प्रदेश सरकारबाट सञ्चालन हुने कार्यक्रमका साथसाथै पालिकाले पनि विशेष कार्यक्रमहरु सञ्चालन गरी आर्थिक गतिविधिहरुलाई बढाउनु पर्नेछ । यसबाट पालिका भित्रै स्वरोजगारीका पर्याप्त अवसर सृजना हुन जानुका साथै पालिकाको आर्थिक उन्नतिमा पनि ठोस योगदान पुग्न जानेछ । यस्तै सञ्चालित कार्यक्रममा महिला एवम् गरिवीको रेखामुनी रहेका लक्षित समुदायको पहुँच बढाई खाद्य सुरक्षाको सुनिश्चिता पनि सँगसँगै बढाउदै जाने अवसरहरु पनि प्राप्त हुनेछन् ।

## २. समस्या तथा चुनौति

पर्यटन, कृषि तथा पशुपन्छी पालनका एवम् पालिकामा उद्योगधन्दाहरुको विकासका लागि आवश्यक स्रोत साधनको अभाव, सिँचाइ, सडक, कृषि बजार, बीउ बैंक, शीत भण्डार, गोदाम घर, विद्युत तथा यन्त्र उपकरण आदि आवश्यक भौतिक पुर्वाधारहरुको अभाव, कृषि तथा पशुपन्छी पालन परम्परागत मात्र भई आधुनिकिकरण हुन नसक्नु, माटोको उर्वराशक्ति दिनानुदिन ह्रास हुँदै जानु, बजारको पहुचँ न्युन हुनु, युवाहरुको पलायनका कारण जनशक्तिको अभाव हुनु प्रमुख समस्याको रुपमा रहेकाछन्।

पर्यटन विकासका लागि गुणस्तरीय भौतिक पूर्वाधारहरुको विकास एवम् स्तरीय कृषि उत्पादन सामग्रीहरूको सहज उपलव्धता, कृषि तथा पशुपन्छी पालनमा व्यावसायिकता अभिवृद्धि गर्नु, उत्पादित वस्तुको बजार पहुँच बढाउनु, कृषि अनुदानको सदुपयोग, सहुलियत र सहज रुपमा कृषि ऋण उपलव्ध गरानु, शिक्षित युवालाई कृषि पेशामा आकर्षित गर्नु, दक्ष प्राविधिक जनशक्तिको सहज आपूर्तिको व्यवस्था मिलाउनु, पर्याप्त सिँचाइको प्रवन्ध मिलाउनु, कृषि जैविक विविधताको संरक्षण गर्नु र माटोको उर्वराशक्ति जोगाउनु तथा भिरालो जमिनमा कृषि उत्पादन गर्नु प्रमुख चुनौतीहरु हुन् ।

## ३. लक्ष्य

### ३.१ कृषि तथा पशुपन्छी तर्फको लक्ष्य

प्राङ्गारिक एवम् व्यवसायिक रुपमा कृषि तथा पशुपन्छी उत्पादन गरी पालिकाको खाद्य सुरक्षा, रोजगारी र समृद्धिमा योगदान पुऱ्याउने ।

### ३.२ सिँचाइ तर्फको लक्ष्य

पालिकाका सबै खेतीयोग्य जमिनमा भरपर्दो सिँचाइ सुविधा उपलव्ध गराउने ।

### ३.३ पर्यटन, सँस्कृति तथा सम्पदा तर्फको लक्ष्य

पर्यटन पूर्वाधारको विकास र साँस्कृतिक सम्पदाहरुको संरक्षण गरी पर्यटनको माध्यमबाट पालिकाको आर्थिक समृद्धिमा टेवा पुऱ्याउने ।

### ३.४ उद्योग, व्यवसाय, व्यापार तथा आपूर्ति तर्फको लक्ष्य

- पालिकाको आर्थिक सबलिकरणका लागिउद्योग, व्यवसाय तथा व्यापार सञ्चालन गरी आपूर्ति व्यवस्थालाई सहज बनाउने।
- यस गाउँपालिकामा रहेका विभिन्न कच्चा पदार्थको उपयोग गर्न विभिन्न साना तथा मझौला खाल्का उधोगहरु स्थापना गरिने छ ।
- स्थानिय पशुपालनबाट उत्पादित दुधबाट बनेका विभिन्न चीजहरुको उत्पादन गरिनेछ ।

### ३.५ श्रम, रोजगारी तथा सामाजिक सुरक्षा तर्फको लक्ष्य

पालिकामा मर्यादित रोजगारीका थप अवसरहरुको सृजना गर्ने र सबै लक्षित समुहलाई सामाजिक सुरक्षा प्रदान गर्ने ।

## ४. उद्देश्य

### ४.१ कृषि तथा पशुपन्छी तर्फको उद्देश्य

१) कृषि तथा पशुपन्छिजन्य उत्पादन बृद्धि गरी खाद्य सुरक्षा सुनिश्चित गर्नु ।
२) प्राङ्गारिक कृषि तथा पशुपन्छिजन्य उत्पादनमा व्यवसायिकता प्रवर्द्धन गरी पालिकाको समृद्धिमा योगदान दिनु ।

### ४.२ सिँचाइ तर्फको उद्देश्य

१)पालिकाको कृषि उत्पादनमा वृद्धिका लागि आधुनिक सिँचाइ प्रणालीको विकास गर्नु।
२)परम्परागत रुपमा चलिआएको सिँचाइ प्रणालीहरुको उचित मर्मत सम्भार गर्नु ।

### ४.३ पर्यटन, सँस्कृति तथा सम्पदा तर्फको उद्देश्य

१) पालिकालाई आकर्षक पर्यटकीय गन्तव्यको रुपमा विकास र प्रवर्द्धन गर्नु ।
२) पालिकाका साँस्कृतिक सम्पदाहरुको उचित सम्वर्द्धन र संरक्षण गर्नु ।

### ४.४ उद्योग, व्यवसाय, व्यापार तथा आपूर्ति तर्फको उद्देश्य

१) पालिकामा स्थानीय कच्चा पदार्थमा आधारित साना तथा घरेलु उद्योगहरु स्थापना गर्नु ।

२) कृषि, जडीवुटी उत्पादन र प्रशोधन तथा पर्यटनमा आधारित व्यवसाय र व्यापारबढाउनु ।

३) आपूर्ति व्यवस्थालाई सहज बनाउनु ।

### ४.५ श्रम, रोजगारी तथा सामाजिक सुरक्षा तर्फको रणनीति

१) पालिकामा मर्यादित र उत्पादनशील रोजगारीका अवसर बृध्दि गर्नु ।

२) सामाजिक सुरक्षालाई स्थानीय आवश्यकता अनुसारको बनाउनु।

## ५. रणनीति

### ५.१ कृषि तथा पशुपन्छी तर्फको रणनीति

क) पालिकामा हुने रैथाने प्रजातिका प्राङ्गारिक अन्नबाली, तरकारी तथा फलफूल उत्पादनको वृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

ख) गुणस्तरीय विउ विजन लगायतका कृषि उत्पादन सामाग्रिहरुको सहज उपलव्धता सुनिश्चित गरिनेछ ।

ग) युवाहरुलाई कृषि पेशामा आकर्षित गर्न विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

घ) कृषि उत्पादनलाई प्रोत्साहित गर्नका लागि कृषि अनुदानलाई उत्पादनसँग जोडिनेछ ।

ङ) स्थानीय कृषि उत्पादनलाई बजार सम्म पुर्याउन लाग्ने ढुवानी खर्चमा केही अनुदानको व्यवस्था गरिनेछ ।

च) पालिकामा कृषि प्राविधिकहरुको उपलव्धतालाई सुनिश्चित गरिनेछ ।

छ) पारम्पारिक सिँचाइ प्रणालीलाई सुधार गरी सिँचित क्षेत्र विस्तार गरिनेछ ।

### ५.२ सिँचाइ तर्फको रणनीति

क) पालिकाको सिँचाइ विकाससम्वन्धी गुरुयोजना तयार गरिनेछ ।

ख) पालिकामा आधुनिक सिँचाइ प्रणालीको विकासका लागि संघीय एवम् प्रदेश सरकार सँग समन्वय र सहकार्य गरिनेछ ।

ग) तत्काल विकास गर्न सकिने सिँचाइ प्रणालीहरुका लागि संभाव्यता अध्ययन गरी निर्माण प्रकृयालाई अघि बढाइनेछ ।

### ५.३ पर्यटन, सँस्कृति तथा सम्पदा तर्फको रणनीति

क) पालिकाको बहुआयामिक पर्यटन विकासको लागि संघ र प्रदेश सरकार सँगको समन्वय र सहकार्यमा आवश्यक पूर्वाधार विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

ख) पालिकामा स्तरीय होटल तथा होमस्टे सञ्चालनका लागि प्रोत्साहन प्रदान गरिनेछ ।

ग) धार्मिक, मनोरञ्जनात्मक, कृषि, पर्या, साहसिक पर्यटनको प्रवर्द्धनको लागि प्रचार प्रसारको व्यवस्था गरिनेछ ।

घ) कैलाश मानसरोवर जानका लागि आउने आन्तरिक र वाह्य पर्यटकहरुलाई पालिकामा बस्ने र घुम्ने उचित प्रवन्ध गरिनेछ ।

ङ) पालिकाका स्थानीय युवाहरुलाई पर्यटन सम्वन्धी तालिम प्रदान गर्ने व्यवस्था गरिनेछ ।

## ५.४ उद्योग, व्यवसाय, व्यापार तथा आपूर्ति तर्फको रणनीति

(क) पालिकामा स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरुको स्थापनाका लागि प्रोत्साहित गरिनेछ।

(ख) औद्योगिक विकासको लागि सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहकार्य र साझेदारीको लागि आवश्यक समन्वय गरिनेछ ।

(ग) स्थानीय कच्चा पदार्थ र सीपमा आधारित लघु, घरेलु, साना तथा मझौला उद्योगको स्थापनाका लागि औद्योगिक ग्राम स्थापनागरिनेछ।

(घ) कृषि, जडिवुटी र पर्यटनमा आधारित उद्योगको विकासमा सहजता कायम हुने गरी पूर्वाधारको विकास र आवश्यक प्रोत्साहन गरिनेछ।

**(ङ)** पालिकामा स्थापना हुने उद्योगहरुलाई आवश्यक सहुलियत प्रदान गर्ने नीति अवलम्वन गरिनेछ ।

## ५.५ श्रम, रोजगारी तथा सामाजिक सुरक्षा तर्फको रणनीति

क) श्रम बजारका सम्भाव्यताहरूको अध्ययन गरी सो अनुरुप युवाहरुलाई दक्ष बनाउन तालिम प्रदान गर्ने व्यवस्था गरिनेछ ।

ख) पालिकामा कृषि, पशुपालन, जडिवुटी तथा पर्यटन क्षेत्रको प्रवर्द्धन गरी थप रोजगारीका अवसरहरुको सिर्जना गरिनेछ ।

ग) स्थानीय कच्चा पदार्थ, सीप र श्रममा आधारित उद्योग स्थापनालाई प्रोत्साहित गरी थप रोजगारी सिर्जना गर्ने व्यवस्था मिलाइने छ ।

घ) रोजगार सिर्जनाका लागि सार्वजनिक, निजी, सहकारी लगायत साझेदार संस्थाहरूको भूमिकालाई प्रभावकारी बनाईनेछ ।

ङ) पालिका भित्र रोजगार प्रदान गर्ने खाल्का उद्योग व्यवसायलाई रोजगारीका आधारमा आवश्यक सुविधा र सहुलियत प्रदान गरिनेछ ।

च) पालिकामा बालश्रमको अवस्थाबारे अध्ययन एवम् पहिचान गरी बालश्रम उन्मूलनको व्यवस्था मिलाईनेछ ।

छ) वैदेशिक रोजगारीबाट फर्केकाहरुको ज्ञान र सीप अनुसार व्यवसाय गर्न वित्तिय पहुँच सहितका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

ज) पालिकामा रोजगार सम्वन्धी सूचना प्रवाह तथा परामर्श प्रदान गर्न संघ तथा प्रदेश सरकार सँगको सहकार्यमा रोजगार सूचना केन्द्रको स्थापना गरिनेछ ।

# ६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

## ६.१ कृषि तथा पशुपन्छी

| सूचक | एकाई | गत आ व २०७८/०७९ को उपलब्धि | चालु आ व २०७९/०८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | आ व २०८०/०८१ | आ व २०८१/०८२ | आ व २०८२/०८३ |
| प्रमुख अन्न बालीहरुको उत्पादन | मे.टन | ३५० | ३५५ | ३६० | ३६५ | ३७० |
| प्रमुख नगदे बालीहरुको उत्पादन | मे.टन | ४ | ५ | ५ | ६ | ७ |
| प्रमुख तरकारीहरुको उत्पादन | मे.टन | ६ | ७ | ८ | ९ | १० |
| प्रमुख दलहनहरुको उत्पादन | मे.टन | ४ | ५ | ५ | ६ | ६ |
| सिमिको उत्पादन | मे.टन | ३ | ३ | ४ | ४ | ४ |
| स्याउको उत्पादन | मे.टन | १३२ | १३३ | १३४ | १३५ | १३६ |
| अन्य फलफूलहरुको उत्पादन | मे.टन | ३६५ | ३६६ | ३६७ | ३६८ | ३६९ |

## ६.२ सिँचाइ

| सूचक | एकाई | गत आ व २०७८/०७९ को उपलब्धि | चालु आ व २०७९/०८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | आ व २०८०/०८१ | आ व २०८१/०८२ | आ व २०८२/०८३ |
| सिँचाइ सुविधा पुगेको कृषि योग्य भूमि | प्रतिशत | २१ | २५ | ३० | ३५ | ४० |
| वर्षभरी सिँचाइ हुने खेतीयोग्य जमिन | प्रतिशत | १९ | २१ | २३ | २५ | २७ |

## ६.३ पर्यटन, सँस्कृति तथा सम्पदा

| सूचक | एकाई | गत आ व २०७८/०७९ को उपलब्धि | चालु आ व २०७९/०८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | आ व २०८०/०८१ | आ व २०८१/०८२ | आ व २०८२/०८३ |
| पर्यटकीय केन्द्रहरुको विकास र विस्तार कार्यक्रम | संख्या | ० | १ | १ | १ | १ |
| पर्यटकीय मार्गको विस्तार | कि मि | २३ | २५ | २७ | २९ | ३२ |
| पर्यटकीयस्तरका होटलहरु | संख्या | १५५ | १६० | १६५ | १७० | १८५ |
| होमस्टे | संख्या | १०० | १५० | २०० | २५० | ३०० |
| पर्यटक आवागमन | संख्या प्रतिवर्ष | १००० | ११०० | १२०० | १३०० | १४०० |
| साँस्कृतिक संग्राहालय | संख्या | ० | ० | १ | १ | १ |
| संरक्षण गरिएका सम्पदा | संख्या | ६ | ६ | ६ | ६ | ६ |

## ६.४ उद्योग, व्यवसाय, व्यापार तथा आपूर्ति

| सूचक | एकाई | गत आ व २०७८/०७९ को उपलब्धि | चालु आ व २०७९/०८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | आ व २०८०/०८१ | आ व २०८१/०८२ | आ व २०८२/०८३ |
| मझौला उद्योगहरु | संख्या | ३३ | ३४ | ३५ | ३६ | ३७ |
| साना तथा घरेलु उद्योगहरु | संख्या | १२९ | १३२ | १४० | १५० | १६० |
| खाद्य सञ्चय डिपो | संख्या | १ | १ | १ | १ | १ |
| जनभकारी | संख्या | ७९० | ८०० | ८१० | ८२० | ८३० |
| औद्योगिक ग्राम | संख्या | ० | ० | ० | २ | २ |

## ६.५ श्रम, रोजगारी तथा सामाजिक सुरक्षा

| सूचक | एकाई | गत आ व २०७८/०७९ को उपलब्धि | चालु आ व २०७९/०८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | आ व २०८०/०८१ | आ व २०८१/०८२ | आ व २०८२/०८३ |
| रोजगारीमा औपचारिक | प्रतिशत | ३५ | ४० | ४५ | ५० | ५५ |

| सूचक | एकाई | गत आ व २०७८/०७९ को उपलब्धि | चालु आ व २०७९/०८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | आ व २०८०/०८१ | आ व २०८१/०८२ | आ व २०८२/०८३ |
| क्षेत्रको हिस्सा | | | | | | |
| श्रम उत्पादकत्व | रु हजारमा | २१५ | २२० | २२५ | २३० | २३५ |
| युवा वेरोजगारी | प्रतिशत | ७० | ७५ | ८० | ८५ | ९० |

## ७. आर्थिक विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान रु लाखमा

| आ व | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्थापन | आन्तरिक | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/०८१ | ७८५ | ४८१ | ३०४ | ० | ० | ६५९ | ७९ | ४७ |
| २०८१/०८२ | १०३७ | ५१३ | ५२५ | ० | ० | ८७१ | १०४ | ६२ |
| २०८२/०८३ | १३३७ | ५३८ | ८०० | ० | ० | ११२३ | १३४ | ८० |

## ८. कार्यक्रम /आयोजनाको संक्षिप्त विवरण

| क्र सं | कार्यक्रम /आयोजना | उद्देश्य | अवधि – शुरु समाप्ति | कुल लागत | पुष्टयाई | आगामी ३ वर्षको उपलव्धी सूचक |
|---|---|---|---|---|---|---|
| १ | रैथाने वाली तथा पशुपन्छी प्रवर्द्धन कार्यक्रम | | | ९३८ | | |
| २ | सिंचित क्षेत्र विस्तार कार्यक्रम | | | | | |
| ३ | पशुपन्छी विमा कार्यक्रम | | - | - | - | - |
| ४ | कृषि फार्म, स्रोत केन्द्र तथा प्रयोगशाला निर्माण | | - | - | - | - |
| ५ | कृषि उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरणमा सहजीकरण | | - | - | - | - |
| ६ | कृषि बजार तथा संकलन केन्द्र निर्माण | - | - | - | - | - |
| ७ | रैथाने वाली तथा पशुपन्छी प्रवर्द्धन कार्यक्रम | | | | | |
| ८ | दिगो सिंचाइ व्यवस्थापन कार्यक्रम | - | - | - | - | - |
| ९ | पर्यटन पूर्वाधार विकास कार्यक्रम | | | १००० | | |
| १० | केर्मी र लिमीको तातो पानी व्यवस्थापन | | | | | |
| ११ | पर्यटन प्रवद्धनका लागि प्रचार प्रसार | | | | | |
| १२ | कैलाश मानरोवर यात्री विशेष कार्यक्रम | | | | | |
| १३ | नाम्खा औधोगिक ग्राम विकास | | - | - | - | - |
| १४ | खमु, चुली जुस तथा अचार उद्योग स्थापना | | | | | |

| क्र सं | कार्यक्रम /आयोजना | उद्देश्य | अवधि – शुरु समाप्ति | कुल लागत | पुष्ट्याई | आगामी ३ वर्षको उपलव्धी सूचक |
|---|---|---|---|---|---|---|
| १५ | उद्यम कोशेली घर निर्माण | | | | | |
| १६ | रोजगार सिर्जना साझेदार कार्यक्रम | | | | | |

## ९. जोखिम तथा अनुमान पक्ष

पालिकामा पर्यटन, कृषि तथा पशुपन्छी पालनका साथै उद्योगधन्दाहरुको विकासका लागि आवश्यक पर्ने ठूलोमात्राको लगानीको अभावको समस्या पर्न सक्ने देखिन्छ । यस्तै स्थानीय श्रम शक्तिको अभावका कारण सञ्चालित कार्यक्रमहरु सफल नहुने जोखिम पनि रहेको छ ।

# परिच्छेद ६ :
# वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

## १. पृष्ठभूमि

ठूलो क्षेत्रफलमा फैलिएको र थोरै जनसंख्या भएको पालिका भएकोले यहाँ वन तथा जैविक विविधताको प्रचुरता छ भने उच्च हिमाली क्षेत्रमा पर्ने हुँदा यहाँ महत्वपूर्ण तथा बहुमूल्य जडिबुटीहरु पनि प्रसस्त मात्रामा पाइन्छ । पालिकाको यो महत्वपूर्ण प्राकृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गरी सदुपयोग गर्न यस सम्वन्धी प्रभावकारी कार्यक्रमहरु सञ्चालन गर्न सकिएमा यसबाट वातावरण संरक्षणका साथै प्राकृतिक विपद् व्यवस्थापनका साथै पालिकाको आर्थिक समृद्धिमा समेत महत्वपूर्ण योगदान पुग्न सक्छ । वन, जडिवुटी तथा जैविक विविधताको दिगो व्यवस्थापन गर्न सकिए हरित अर्थतन्त्र निर्माण र पर्यापर्यटनको विस्तारबाट थप रोजगारीका अवसरहरूको सिर्जना हुन गई पालिकालाई प्रत्यक्ष लाभ पुग्न पनि जाने छ ।

## २. समस्या तथा चुनौति

वन, जडिवुटी तथा जैविक विविधता तथा वातावरण संरक्षण तथा विपद् व्यवस्थापनमा जनचेतनाको कमी एवम् संरक्षण, प्रवर्द्धन र व्यवस्थापनका लागि दक्ष जनशक्तिको कमि हुनु, वन क्षेत्रको अतिक्रमण हुनु,अन्तर तह र निकायबीच समन्वयमा कमी, वन पैदावारको चोरी निकासी यस क्षेत्रका प्रमुख समस्या हुन् ।

पालिकास्तरमा वन, जडिवुटी तथा जैविक विविधता एवम् वातावरणको संरक्षण एवम् प्रवर्द्धनका लागि संरचना तयार पारी कार्यान्वयनमा ल्याउनु, वन क्षेत्रबाट हुने लाभ तथा सेवालाई न्यायोचित बाँडफाँड गर्दै स्थानीय वासिन्दाहरुको आवश्यकताहरूको व्यवस्थापन गर्नु, वन क्षेत्रबाट टाढा रहेका घरधुरीहरूको वनबाट प्राप्त हुने वस्तु तथा सेवाहरूमा पहुँच पुऱ्याउनु, वन चोरी फँडानी तथा अतिक्रमण र डढेलो नियन्त्रण गर्नु, पहिरो जस्ता विपद् जोखिम न्यूनीकरण गर्नु, वन पैदावार एवम् जडिवुटीमा आधारित उद्यमशीलता विकास गरी थप रोजगारीका अवसरहरु सृजना गर्नु यस क्षेत्रका चुनौती हुन् ।

## ३. लक्ष्य

### ३.१ वन, जडिवुटी तथा जैविक विविधता तर्फको लक्ष्य

वन, जडिवुटी तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन गरी पालिकाको समृद्धिमा योगदान पुऱ्याउने।

### ३.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन तर्फको लक्ष्य

भू संरक्षण एवम् जलाधारहरुको व्यवस्थापनलाई पालिकाको समृद्धिको आधार बनाउने ।

### ३.३ वातावरण तथा फोहरमैला व्यवस्थापन तर्फको लक्ष्य

पालिकाको वातावरण संरक्षण तथा फोहोरमैलाको उचित व्यवस्थापन गर्ने ।

### ३.४ विपत जोखिम न्यूनिकरण तथा व्यवस्थापन तर्फको लक्ष्य

विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनका कार्यहरु गरी यसबाट हुने क्षतिको न्यूनिकरण गर्ने ।

## ४. उद्देश्य

### ४.१ वन, जडिवुटी तथा जैविक विविधता तर्फको उद्देश्य

१) पालिकाको वन तथा जैविक विविधताको संरक्षणर प्रवर्द्धन गर्नु ।

२) बहुमूल्य जडिबुटी र वन पैदावारको विकासद्वारा स्थानीयको आयस्तरमा अभिबृद्धि गर्नु ।

### ४.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन तर्फको उद्देश्य

१) पालिकाको भूक्षेत्रको उचित संरक्षण गर्नु ।

२) जलाधार क्षेत्रहरूको एकिकृत व्यवस्थापन गर्नु ।

### ४.३ वातावरण तथा फोहरमैला व्यवस्थापन तर्फको उद्देश्य

१) स्थानीय वातावरण संरक्षणका लागि कार्यक्रम सञ्चालन गर्नु ।

२) पालिकाको फोहोरमैलाको उचित व्यवस्थापन गर्नु।

### ४.४ विपत जोखिम न्यूनिकरण तथा व्यवस्थापन तर्फको उद्देश्य

१) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यहरु गर्नु ।

## ५. रणनीति

### ५.१ वन, जडिवुटी तथा जैविक विविधता तर्फको रणनीति

क) पालिकामा भएका वन र जैविक विविधताको संरक्षणका लागि संघ एवम् प्रदेश सरकारसँग सहकार्य र समन्वय गरिनेछ ।

ख) पालिकामा वृक्षारोपणको नियमित कार्यक्रम सञ्चालन गरी वन क्षेत्र विस्तार गर्दै लगिनेछ ।

ग) उपलव्ध वन तथा जैविक विविधताको उपयोग गरी पालिकामा पर्यापर्यटनको विकासको आवश्यक प्रवन्ध मिलाइनेछ ।

## ५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन तर्फको रणनीति

क) पालिकाको सबै भू क्षेत्रको संरक्षणका लागि संघर प्रदेश सरकारसमेत सँगको सहकार्यमा विशेष कार्यक्रमहरु बनाई कार्यान्वयन गरिनेछ ।

ख) भू संरक्षणका लागि स्थानीय नागरिकहरुलाई जाकरुक र सकृय बनाइनेछ ।

ग) मानवीय वस्ती रहेको क्षेत्रमा प्राथमिकताका आधारमा पहिरोको जोखिम कम गर्न भूसंरक्षणका कार्यक्रमहरु सञ्चालन गरिने छन् ।

घ) वन तथा चरण क्षेत्रको संरक्षणका लागि आवश्यक उपायहरुको अवलम्वन गरिनेछ ।

ङ) सडक लगायतका विकास निर्माण कार्यबाट उत्पन्न हुने भूक्षयको समस्या समाधानका प्रभावकारी उपायहरुको अनिवार्य रुपमा अवलम्वन गर्नु पर्ने व्यवस्था गरिनेछ ।

च) भिराला जमिनहरू, पहिरोले प्रभाव पारेका स्थानहरू र नदीका किनारहरूमा वृक्षारोपण गरी सुरक्षित र संरक्षित गरिनेछ ।

## ५.३ वातावरण तथा फोहरमैला व्यवस्थापन तर्फको रणनीति

क) पालिकामा वन क्षेत्रको संरक्षणका लागि संघ तथा प्रदेश सरकारसँग समन्वय र सहकार्य गरी कार्यक्रम संचालन गरिनेछ ।

ख) पालिकाका खाली जग्गाहरुमा वृक्षारोपण गरी हरियाली प्रवर्द्धन गरिनेछ ।

**ग)** पहिरोको जोखिम रहेका वस्ती तथा सडक किनारहरुमा पनि वृक्षारोपण गरी संरक्षण गरिनेछ।

## ५.४ विपत जोखिम न्यूनिकरण तथा व्यवस्थापन तर्फको रणनीति

क) विपद् जोखिम न्युनीकरणका लागि जनचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरु गरिनेछ ।

ख) पालिकामा बहुप्रकोपकोजोखिम आँकलनको लागि अन्तर निकाय समन्वय गरिनेछ।

ग) प्रभावकारी विपद् व्यवस्थापन सूचना प्रणालीको विकास तथा सूचना प्रवाह गरिनेछ ।

घ) विपद् जोखिम न्यूनिकरणका लागि भूकम्प, पहिरो जस्ता प्राकृतिक प्रकोपहरुको प्रतिरोध गर्ने क्षमता विकास सम्वन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

ङ) महामारीजन्य रोगहरुको प्रकोप नियन्त्रका लागि समुदायमा सचेतनाका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

च) नयाँ भवन, बस्ती, पूर्वाधार निर्माण तथा विकासका कार्य गर्दा जलवायु अनुकूलित र विपद् प्रतिरोधि प्रविधि तथा मापदण्ड लागू गरिनेछ ।

छ) जोखिममा रहेका समुदाय र क्षेत्रहरूका लागि प्रतिकार्य गर्ने क्षमता अभिबृध्दिका कार्यक्रम सञ्चालन गरिनेछ र उच्च जोखिममा रहेका वस्तीहरुको पहिचान गरी सुरक्षित बनाउने वा स्थानान्तरण गर्ने प्रकृया प्रारम्भ गरिनेछ ।

## ६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

### ६.१ वन, जडिविटी तथा जैविक विविधता

| सूचक | एकाई | गत आ व २०७८/०७९ को उपलव्धि | चालु आ व २०७९/०८० को अनुमानित उपलव्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | आ व २०८०/०८१ | आ व २०८१/०८२ | आ व २०८२/०८३ |
| वनजन्य उत्पादनको वृद्धि दर | प्रतिशत | ३० | ३२ | ३४ | ३६ | ३८ |
| प्राकृतिक बहुमूल्य जडीवुटीहरुको उत्पादन वृद्धि दर | प्रतिशत | १० | ११ | १५ | २० | २५ |
| व्यासायिक बहुमूल्य जडीवुटीहरुको उत्पादन वृद्धि दर | प्रतिशत | ३० | ४० | ५० | ६० | ७० |
| प्रशोधित जडीवुटीहरुको निर्यात वृद्धि दर | प्रतिशत | १५ | २० | २५ | ३० | ३५ |

### ६.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

| सूचक | एकाई | गत आ व २०७८/०७९ को उपलव्धि | चालु आ व २०७९/०८० को अनुमानित उपलव्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | आ व २०८०/०८१ | आ व २०८१/०८२ | आ व २०८२/०८३ |
| जलाधार संरक्षणका कार्यक्रम | संख्या | ३ | ३ | ४ | ४ | ५ |
| जलाधार संरक्षणका लागि भएको वृक्षारोपण | हेक्टर | १ | २ | ३.५ | ४ | ४.५ |
| कृषिमा विषादी प्रयोगको मात्रा | मे टन | ० | ० | ० | ० | ० |

## ५.३ वातावरण तथा फोहोर मैला व्यवस्थापन

| सूचक | एकाई | गत आ व २०७८/०७९ को उपलब्धि | चालु आ व २०७९/०८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | आ व २०८०/०८१ | आ व २०८१/०८२ | आ व २०८२/०८३ |
| वातावरण संरक्षणका कार्यक्रम | संख्या | १ | २ | ३ | ४ | ५ |
| फोहोर मैला प्रशोधन केन्द्र | संख्या | ० | ० | ० | १ | १ |
| वायु गुणस्तर मापन केन्द्र | संख्या | ० | ० | ० | ० | १ |
| मानववस्तीहरुमा ढलको व्यवस्था | संख्या | १ | १ | १ | २ | ३ |

## ५.४ विपद्जोखिम न्युनीकरण तथा व्यवस्थापन

| सूचक | एकाई | गत आ व २०७८/०७९ को उपलब्धि | चालु आ व २०७९/०८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | आ व २०८०/०८१ | आ व २०८१/०८२ | आ व २०८२/०८३ |
| विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्वन्धी तालिम प्राप्त जनशक्ति | संख्या | १ | २ | ३ | ४ | ५ |
| विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्वन्धी पूर्व तयारीका कार्यक्रम | संख्या | १ | २ | ३ | ४ | ५ |
| वाढी पूर्व सूचना प्रणाली जडान | संख्या | ० | ० | ० | १ | १ |

## ७. वन, वातावरण तथा विपद् व्यवस्थापन विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान

रु लाखमा

| आ व | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्थापन | आन्तरिक | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/०८१ | ३४५ | २१२ | १३४ | ० | ० | २९० | ३४ | २१ |
| २०८१/०८२ | ४५६ | २२४ | २३१ | ० | ० | ३८३ | ४६ | २७ |
| २०८२/०८३ | ५८८ | २३५ | ३५२ | ० | ० | ४९४ | ५९ | ३५ |

## ८. कार्यक्रम /आयोजनाको संक्षिप्त विवरण

| क्र सं | कार्यक्रम /आयोजना | उद्देश्य | अवधि – शुरु समाप्ति | कुल लागत | पुष्ट्याई | आगामी ३ वर्षको उपलव्धी सूचक |
|---|---|---|---|---|---|---|
| १ | वृक्षारोपण कार्यक्रम | - | - | - | - | - |
| २ | बहुमुल्य जडीबुटी खेती कार्यक्रम | - | - | - | - | - |
| ३ | वन तथा जडिवुटीजन्य साना तथा घरेलु उद्योग सञ्चालन | - | - | - | - | - |
| ४ | वन पैदावरको सर्वेक्षाण,प्रवर्द्धन,उत्पादन,संकलन र प्रशोधनसम्बन्धी कार्य योजना निर्माण | - | - | - | - | - |
| ५ | पर्या पर्यटनको विकास | - | - | - | - | - |

## ९. जोखिम तथा अनुमान पक्ष

पालिकाको वन, जडिवुटी तथा जैविक विविधता एवम् वातावरणको संरक्षण तथा प्रवर्द्धन र विपद् व्यवस्थापनका लागि आवश्यक दक्ष जनशक्ति, प्रविधि लगायतका स्रोत साधनहरुको अभावको समस्या पर्न सक्नेछ । उचित समन्वय र सहभागिताको कमिका कारण यस सम्वन्धमा ल्याइएका कार्यक्रम सफल नहुने जोखिम पनि रहेकोछ ।

## परिच्छेद ७

## संस्थागत विकास तथा सुशासन क्षेत्र

नयाँ संविधानद्वारा स्थापित संघीय संरचना अनुसारको नयाँ तहको स्थानीय सरकार भएकोले पालिकाको संस्थागत विकासका लागि स्थानीय आवश्यकता र चाहना अनुसारको सबै सेवा छिटो, छरितो एवम् प्रभावकारी रुपमा प्रवाह गर्न सक्ने गरी पालिकाको संस्थागत विकास गर्दै जानु पर्नेछ । यसै गरी सुशासन पनि आजको जल्दोवल्दो राष्ट्रिय विषयवस्तु भएको र यो नभई पालिकाको विकास निर्माण र सुधारका कार्यहरु जनचाहना अनुरुप अघि बढन नसक्ने भएकोले यस सम्वन्धमा पनि पालिकाले प्रथम योजना देखि नै पर्याप्त कार्यक्रमहरु तर्जुमा गरी प्राथमिकता दिनु पर्ने छ । जनमतको कदर हुने गरी निर्वाचित जनप्रतिनिधिहरुलाई जनताप्रति बढी उत्तरदायी र पारदर्शि बनाउन तथा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम र उत्तरदायी तुल्याउँदै निष्पक्ष, पारदर्शी, नतिजामुखी र जनमुखी सेवा प्रवाह गर्न सक्षम बनाउन पालिकामा सुशासनको प्रत्याभुत गर्नु पर्ने हुन्छ । भ्रष्टाचार नियन्त्रण एवम् सुशासन प्रवर्द्धनको लागि नेपालले राष्ट्रियस्तर एवम् अन्तराष्ट्रियस्तरमा व्यक्त गरेका प्रतिवद्धताहरुको परिपालनका लागि पालिका पनि सकृय रुपमा यस राष्ट्रिय अभियानमा सहभागि हुनु पर्ने भएको छ ।

### १. समस्या तथा चुनौति

नयाँ संरचना भएकोले पालिकाका कृयाकलापहरु पूर्ण रुपमा व्यवस्थित भै नसकनु, स्थानीय नागरिकहरुको सचेतनाको अभाव, आर्थिक अनियमितता एवम् भ्रष्टाचार विरुद्ध सामाजिक सहनशीलताको न्यूनीकरण नहुनु, गैरसरकारी क्षेत्रका अनियमितताको नियमन गर्न नसकिनु, प्रभावकारी नियमन तथा अनुगमन प्रणालीको विकास गर्न नसक्नु, सार्वजनिक सेवा प्रवाहलाई निष्पक्ष र पारदर्शी तुल्याउन नसकिनु, सार्वजनिक सेवामा विद्युतीय शासन प्रणालीको अपेक्षित प्रवर्द्धन हुन नसक्नु लगायतका समस्याहरू छन्।

पालिकाको समग्र संरचनालाई चुस्त, सक्षम र प्रभावकारी रुपमा सबै सेवा प्रवाह गर्न सक्ने गरी सक्षम तुल्याउनु, पालिकाका काम कारवाहीमा पारदर्शिता कायम गरी सुशासनको प्रत्याभूति गर्नु, पालिकाले गर्ने सबै वडा तहसम्मका सेवा प्रवाहमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगद्वारा यसलाई छिटो छरितो र अनुमान योग्य बनाउनु, सामाजिक मूल्य-मान्यता, नागरिक संस्कार, नैतिक सदाचारिताको प्रवर्द्धन गर्नु, सार्वजनिक एवम् निजी क्षेत्रमा हुने भ्रष्टाचार र अनियमिताजन्य कार्यलाई नियन्त्रण गरी सुशासनको प्रत्याभूति दिनु चुनौतीका रूपमा रहेका छन्।

### २. लक्ष्य

#### २.१ संस्थागत विकास तथा सुशासनतर्फको लक्ष्य

संस्थागत विकास द्वारा सुशासन प्रवर्द्धन गर्ने ।

### ३. उद्देश्य

#### ३.१ संस्थागत विकास तथा सुशासन तर्फको उद्देश्य

१) पालिकामा सुशासनकायम गर्न संस्थागत विकास गर्नु ।

## ४. रणनीति

### ४.१ संस्थागत विकास तथा सुशासन तर्फको रणनीति

क) पालिकाले आफै र वडाहरुबाट प्रदान हुने सेवाहरुका सम्वन्धमा समेत आवश्यक कार्य विधिहरु बनाई छिटो छरितो रुपमा प्रदान हुने प्रवन्धगरिनेछ ।

ख) पालिकाबाट प्रदानहरुने सबै सेवाहरु सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी अनुमान योग्य, जवाफदेही एवम् पारदर्शी बनाउनका लागि आवश्यक व्यवस्था गरिनेछ ।

ग) पालिका तथा सबै वडाका काम कारवाहीहरुका सम्वन्धमा त्रैमासिक रुपमा एक पटक नागरिक सुनवाईको व्यवस्था गरिनेछ ।

घ) पालिकामा भएका विकास निर्माणका कामहरुका सम्वन्धमा सामाजिक लेखा परिक्षणको व्यवस्था गरिनेछ ।

ङ) पालिका तथा वडाहरुले गर्ने मासिक खर्चको विवरण सूचना पाटी तथा वेभसाइट मार्फत प्रत्येक महिना सार्वजनिकीकरण गर्ने व्यवस्था गरिनेछ ।

च) भ्रष्टाचार विरुद्धका चेतनामूलक, निरोधात्मक एवम् दण्डात्मक काम कारवाहीलाई प्रभावकारी बनाइनेछ ।

छ) भ्रष्टाचार विरुद्धको जनमत परिचालन गर्नको लागि नागरिक समाज, गैरसरकारी तथा सामुदायिक संस्थाहरूको सक्रिय सहभागितामा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

### विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सूचक | एकाई | गत आ व २०७८/०७९ को उपलब्धि | चालु आ व २०७९/०८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | आ व २०८०/०८१ | आ व २०८१/०८२ | आ व २०८२/०८३ |
| राजनीतिज्ञ तथा कर्मचारीहरुको क्षमता विकास सम्वन्धी कार्यक्रमहरु | संख्या | ० | १ | २ | २ | २ |
| सार्वजनिक सुनवाई | संख्या | १ | २ | १ | ७ | ७ |
| विद्युतीय माध्यमबाट सूचना तथा सेवा प्रवाहका लागि एपहरुको विकास | संख्या | ० | १ | २ | ३ | ४ |
| सुरक्षा निकायका चौकीहरुको विस्तार | संख्या | २ | २ | २ | २ | २ |

## ५. संस्थागत विकास तथा सुशासन विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान

रु लाखमा

| आ व | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्थापन | आन्तरिक | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/०८१ | २८२ | १७३ | १०९ | ० | १० | २३६ | २६ | १० |
| २०८१/०८२ | ३७४ | १८५ | १८९ | ० | १४ | ३१४ | २७ | १९ |
| २०८२/०८३ | ४८२ | १९४ | २८८ | ० | १९ | ४०४ | ३८ | २१ |

## ६. कार्यक्रम /आयोजनाको संक्षिप्त विवरण

| क्र सं | कार्यक्रम /आयोजना | उद्देश्य | अवधि – शुरु समाप्ति | कुल लागत | पुष्टयाई | आगामी ३ वर्षको उपलव्धी सूचक |
|---|---|---|---|---|---|---|
| १ | नागरिक सुनुवाई कार्यक्रम | ५ | प्रत्येक आ.व. | १०००००/- | चिया-नास्ता | १५ |
| २ | सामाजिक लेखा परिक्षाण | १ | प्रत्येक आ.व. | ३०००० | चिया-नास्ता | ३ |
| ३ | मासिक खर्च वेवसाइड मार्फत् सार्वजनिक | ४ | प्रत्येक आ.व. | - | - | १२ |
| ४ | भष्ट्राचार विरुद्ध सचेतना कार्यक्रम | - | प्रत्येक आ.व. | - | - | - |
| ५ | अनलाइन सेवा प्रवाहको प्रवन्ध | ४ | प्रत्येक आ.व. | - | - | १२ |

## ७. जोखिम तथा अनुमान पक्ष

पालिकाको संस्थागत विकास तथा सुशासन कायम गर्नका लागि आवश्यक पर्ने आधुनिक प्रविधिको पालिकामा सहज उपलव्धता तथा प्राविधिक जनशक्तिको अभावको समस्या पर्न सक्नेछ भने नागरिकहरुको जागरुकता र प्रविधिको पहुँच र ज्ञानको अभावका कारण सुशासनका कार्यक्रमहरु सफल नहुने जोखिम रहेको छ ।